# जोशीपुर गाउँपालिकाको गाउँ  शिक्षा योजना

# (वि.सं.२०८१/८२-२०९०/९१)

जोशीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जोशीपुर, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

# जोशीपुर गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८२/०१/१२


संरक्षक

चित्र बहादुर चौधरी (गा.पा. अध्यक्ष)

रेखादेवी कठरिया (गा.पा. उपाध्यक्ष)

अमित कुमार साह (प्रमुख प्रशासकीय अधिकृत)

योजना निर्माण कार्यदल

अमित कुमार साह (संयोजक)

संग्राम सिंह धामी

योगेश जोशी

विष्णु प्रसाद भट्ट

दीपक चौधरी

नैन बहादुर चौधरी

ललिता कुमारी ठकुल्ला



**प्रकाशक** :

जोशीपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

जोशीपुर,कैलाली



© सर्वाधिकार: प्रकाशकमा निहित



संस्करण :२०८२ बैशाख

मुद्रण प्रति :

मुद्रण :

# हाम्रो भनाइ

नेपालमा स्थानीयसरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आवधिक योजनाको साथ साथै विषयगत योजनानिर्माण गरी कार्यान्वयन गर्नुपर्ने कुरालाई नीतिगत रूपमा व्यवस्था गरेकोले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा योजनाको रूपमा १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना तयारगरी कार्यान्वयनमा रहेको र सात ओटै प्रदेशस्तरमा पनि आवधिक शिक्षा योजना निर्माण र कार्यान्वयनकाप्रयास भइरहेको छ।जोशीपुर गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजना आ.व. २०८०/०८१ मास्वीकृत कार्यक्रम अनुसार शिक्षा क्षेत्रको शैक्षिक, भौतिक, मानवीय र आर्थिक अवस्था चित्रण गर्नुका साथै आगामी १० वर्षमा शिक्षा क्षेत्रमा गरिने सम्पूर्ण कार्यक्रमको सञ्चालन तथा ब्यवस्थापन गर्न मार्गनिर्देशन गर्ने हेतुले तयार पारिएको हो । यस गाउँ शिक्षा योजनामा जोशीपुर गाउँपालिकाको  समग्र शैक्षिक क्षेत्रका तथ्याङ्क प्रस्तुत तथा विश्लेषण गरि आगामी १० वर्षमा शिक्षा क्षेत्रमा के कस्ता कार्यक्रम सन्चालन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिन्छ सो को व्यस्थापनमा मार्ग दर्शन यस योजनाले गर्नेछ अर्थात आगामी १० वर्षमा जोशीपुर गाउँपालिकामा सञ्चालन गरिने शिक्षा सम्बन्धी कार्यक्रम यसै योजनालाई आधार मानेर गरिने छन। स्थानीय तहमा आवधिक शिक्षा योजना निर्माण गरी पालिकाको शैक्षिक लक्ष्य तथा उद्देश्य प्राप्तिमा समन्वयर सहकार्य गरी सामूहिकरूपमा अगाडि बढ्न सकेमा योजनाबद्ध रूपमा शैक्षिक गतिविधि सञ्चालन भईशैक्षिक गुणस्तर सुधारमा योगदान हुने छ। शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शनमा आधारित रही गाउँ शिक्षा योजना अद्यावधिक कार्यमा सहयोग गर्नुहुने  सबै सरोकारवालाहरुलाई  हार्दिक धन्यवाद व्यक्त गर्नुका साथसाथै योजना अद्यावधिक गर्ने कार्यमा प्राविधिक सहयोग गर्ने सामुदायिक विकास केन्द्र (CDC) डोटी प्रति हार्दिक आभार व्यक्त गर्दछा ।

गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
जोशीपुर, कैलाली

# विषयसुची


**बिषय प्रवेशः** ........ १

**परिच्छेद १ परिचय** ........ ४

१.१ वर्तमान अवस्था ........ ४

१.२ मुख्य समस्या तथा चुनैतीको विश्लेषण ........ ८

**परिच्छेद २ दुरदृष्टि, उद्देश्य, रणनिति तथा लक्ष्य निर्धारण** ........ १०

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ १०

२.२ दूरदृष्टिः ........ १३

२.३ लक्ष्यः ........ १३

२.४ उदेश्यः ........ १३

२.५ रणनीतिहरुः ........ १४

२.६ कार्यनीतिः ........ १५

२.७ अपेक्षित उपलब्धी ........ १६

२.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्न मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः ........ १६

**परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र** ........ २२

३.१ प्रारम्भिक वालविकास र शिक्षाः ........ २२

३.२ आधारभूत शिक्षाः ........ २४

३.३ माध्यमिक शिक्षा ........ २७

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ ३०

३ ५ अनैपचारीक शिक्षा र आजिवन सिकाइ ........ ३२

**परिच्छेद ४ अन्तरसम्बन्धित बिषय तथा क्षेत्र** ........ ३५

४.१ पाठ्यक्रम पाठ्यपुस्तक सिकाई सामग्री र मूल्यांकन ........ ३५

४.२ शिक्षक व्यवस्थापन र विकास ........ ३९

४.३ शैक्षिक समता र समावेशिकरणः ........ ४१

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ४३

४.५ विद्यालय सुरक्षा विपत न्युनीकरण तथा उत्थानशीलता ........ ४६

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ४८

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ५०

**परिच्छेद ५ सुशासन तथा व्यवस्थापन** ........ ५३

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ ५४

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ........ ५६

**परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन** ........ ५७

**परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन** ........ ६६

## क) विषय प्रवेश

मानव सभ्यताको विकास संगसंगै शिक्षाको सुरुवात र विकास भएको पाइन्छ । शिक्षा मानव विकास र समाज विकासकोमुख्य आधार भएकोले,विद्यालय तहको शिक्षाको विकासका लागि नेपाल सरकारले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा ल्याएको छ । शैक्षिक क्रियाकलापहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी विद्यालयमा अध्ययनरत बालबालिकाहरुको सिकाइ उपलब्धी बढाइ अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा सबैको समान पँहुच, सहभागितार गुणस्तर सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । ज्ञान,विज्ञान तथा प्रविधिमा भएको आमूल परिवर्तनलाई आत्मसात गर्ने र देशको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी जनशक्ति विकासका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन शिक्षासम्बन्धी योजना आवश्यक देखिएको छ । नेपाल सरकारले  इन्चोन घोषणामा (INCHEON Declaration-2015) हस्ताक्षर गरी नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने प्रतिवद्धता जनाउनुको साथसाथै दिगो विकासका लक्ष्यहरु (SDGs)प्रति नेपालको प्रतिवद्धता, पन्ध्रौ योजनाको आधारपत्र,सन २०२२ सम्म अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा स्तरोन्नति गर्ने संकल्प, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ११(ज) अनुसार आधारभूत तथा माध्यमिक  शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेकोले अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि जोशीपुर गाउँपालिकाले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी पालिकाको बनिसकेको शिक्षा योजना अद्यावधिक गरिएको छ ।

## ख  शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षानीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचनाअनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएकोछ । नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभुत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । संविधानले दिएको अधिकारलाई कार्यान्वयन गर्नको लागि सबै स्थानीय तहहरुले शिक्षा योजना निर्माण र कार्यान्वयन चरणमा प्रवेश गरेको छ । विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तरतथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना**(School Education Sector Plan**)** तयार गरेको छ । यसै आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन। यसै परिवेशमा सबै स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने अहिलेको आवश्यकता हो ।

## ख )स्थानीय तहको शिक्षा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न।
- संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न ।
- कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता, आदि जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न ।

- साझा बिषयहरुमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

## घ)योजना निर्माणका आधार

जोशीपुर गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजहरुलाई मूल आधार मानिएको छ ।

- नेपालको संविधान ।
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली ।
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)।
- शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोचपत्र, सोह्रौँ योजना लगायत आवधिक योजना ।
- दीगो विकास लक्ष्य राष्ट्रिय प्रारूप ।
- स्थानीय विकास योजना ।
- स्थानीय तहको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा वजेट ।
- Recovery and Accelerated Learning (ReAL) Plan२०२३-२०२८
- विद्यालय शिक्षामा समता रणनीति ।
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८ ।
- विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबैविद्यालयको) ।
- अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू, आदि l

स्थानीय शिक्षा योजना निर्माण गर्दा गाउँपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका विभिन्न योजनाहरूलाई, विद्यालय सुधार योजना र नमूना विद्यालय विकास योजना मध्यनजर गरी यस्ता विभिन्न योजनाहरूबीचको अन्तरसम्बन्धमा जोड दिइएको छ । यसका साथै शिक्षा योजना निर्माण गर्दा पालिकाले बालमैत्री, लैङ्गिमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार निर्माण गरी अनुकुल सिकाइ वातावरणको सुनिश्चितता गरिएको छ ।

## ङ) शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको आमूल परिवर्तनका लागिव्यस्थित तथा योजनाबद्ध कार्यक्रमको आवश्यकता पर्दछ । कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरुपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरुको मिश्रित स्वरुप योजना हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकोले सबै तथ्यगत, वस्तुगत विश्लेषणका आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई कार्यान्वयन तहसम्म पुर्याइ मिठो प्रतिफल दिन आफैमा कठिन र चुनौतीपूर्ण छ । गाउँपालिकाको शिक्षा योजना अद्यावधिक गर्दा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा गरिएको छ । योजना निर्माण गर्दा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरी, लिखित जिम्मेवारी बाडेर योजना लेखन अद्यावधिक गर्ने कार्य गरिनुका साथसाथै पालिकाका सरोकारवालाहरुको सहभागितामूलक प्रक्रिया अवलम्बन गरिएको हो । योजनासँग सम्बन्धित सरोकारवालाहरु, बिषय क्षेत्रको विज्ञ तथा कार्यपालिकाका सदस्यसहित (पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखा ,विद्यालय वा अन्य व्यक्तिहरुबाट) सहभागी गराइएको थियो। जोशीपुर गाउँपालिका शिक्षा योजनाको अद्यावधिक गर्दा पालिकाले तपसिल बमोजिमको प्रक्रिया नै अवलम्बन गरिएको थियो।

- गाउँ सभा र गाउँ कार्यपालिकाको बैठक ।
- योजना निर्माण समितिको गठन ।
- गाउँ/टोल तथा वडाहरू र अन्य सरोकारवालाहरु (विद्यालय प्र.अ./शिक्षक,वि.व्य.स., सरकारी/गैर सरकारी संघ-संस्था आदि) सँगको भेला र छलफल र पृष्ठपोषण ।
- मस्यौदा तयारी ।
- मस्यौदा उपर सुझाव संकलन ।

- योजनाको अन्तिम रुप ।
- बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा ।
- योजनाको स्वीकृति र कार्यान्वयन ।

## च)योजनाको लेखाजोखा

जोशीपुर गाउँपालिकाको शिक्षा योजना निर्माण गरिसकेपछी  पालिकाको योजना तथ्यपरक, यथार्थपरक,विश्वसनीय, दिगो र लगानीयोग्य छ कि छैन भन्नको लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनेछ ।जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अंग हो । निर्माण गरीएको योजनाको लेखाजोखा कार्यलाई यस गाउँपालिकाले आन्तरिक र बाहिरका विभिन्न क्षेत्रका विज्ञहरुले समिति निर्माण गरी सो समितिको कार्य विवरण सम्पन्न गरिनेछ । योजनाको लेखाजोखा गर्दा तपसिल बमोजिमका सुक्ष्म पक्षहरुको विस्तृत रुपमा विश्लेषण गरिनेछ ।

- नेतृत्व तथा सहभागिता ।
- प्रयाप्तता तथा सान्दर्भिकता ।
- समता सक्षमता तथा गुणस्तर ।
- अन्तरसम्बन्ध तथा तादम्यता ।
- सम्भाव्यता कार्यान्वयन योग्यता तथा सान्दर्भिकता ।
- स्रोतको प्रवन्ध ।
- संस्थागत क्षमता ।
- कार्यान्वयनमा तत्परता ।
- तथ्याङ्क विश्लेषण र प्रक्षेपण ।
- अनुगमन र प्रतिवेदन ।

## छ) योजनाको दस्तावेजको स्वरूप

स्थानीय तहको यस योजनाको स्वरूपलाई अनुसूची १ बमोजिमको ढाँचामा आधारित भई तयार गरिएको छ ।

# परिच्छेद १ : परिचय

नेपालको शिक्षामा आमनागरिकको सहज पहुँच पुर्याउन तथा शिक्षालाई जीवनपयोगी, व्यावसायिक तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासँग सम्बन्धित विभिन्न नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन भएका छन। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य तथा माध्यमिक तहको शिक्षालाई निःशुल्क गरेको छ । त्यसै गरी गरिब, सीमान्तकृत,कार्यगत सिमितता तथा अपांङ्गता भएका बालबालिकालाई समेत कानुन बमोजिम निःशुल्क शिक्षाको हक प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा स्थानीय सरकारले अधिकार कार्यान्वयन गर्न तथा शिक्षा मार्फत समृद्ध जोशीपुर गाउँपालिका निर्माणका लागि सुनिश्चित गर्न यो गाउँ शिक्षा योजना निर्माण गरिएको हो । स्थानीय तहको शिक्षा योजना बनाउन महत्वपूर्ण छ किनकि तीनतहको सरकारले पर्याप्त बजेटको व्यवस्थापन गरेपनि यथेष्ट रुपमा शैक्षिक योजना, नीति तथा कार्यक्रम निर्माण नगरिएको हुँदा खर्चिएको स्रोतको प्रतिफल मापन गर्न, शैक्षिक लगानीका लागि योजना नभएको हुँदा तथा शैक्षिक सूचकको हिसाबले स्थानीय तहले शैक्षिक उपलव्धी मापन गर्न सकिएको छैन ।

**१.१ वर्तमान अवस्था**

नेपालको संविधानले प्रारम्भिक बालविकास शिक्षा,आधारभूत तह, माध्यमिक विद्यालय तहको तथा अनौपचारिक शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई दिएकाले विद्यालयमा अध्ययनरत बालबालिकाहरुको सिकाइ उपलब्धी बढाइ विद्यालय शिक्षालाई प्रभावकारी एवम् नतिजामुखी ढंगले सञ्चालन गरी गाउँपालिकावासीहरुको सर्वसुलभ गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नका लागि गाउँ शिक्षा योजनाको आवश्यक परेको हो । यस स्थितिमा गुणस्तरीय, प्रतिस्पर्धी, रोजगार उन्मुख, वैज्ञानिक, जीवनोपयोगी एवम् नेपालका विविध कला,सीप,प्रविधि,धर्मसंस्कृति लगायत संग जोड्दै व्यक्तित्व विकास मार्फत समुदाय र गाउँपालिका विकासमा योगदान गर्नसक्ने जनशक्ति उत्पादन गर्नु स्थानीय तहको जिम्मेवारी भएको छ ।

संघीय शिक्षासम्वन्धी कानुनहरुसँग नवाझिने गरी जोशीपुर गाउँपालिकाले गाउँ शिक्षा ऐन समेत कार्यान्वयनमा ल्याएको छ । संविधानले प्रदत्त गरेका शिक्षासम्वन्धी हकहरुलाई सुनिश्चित गर्न आवश्यक पर्ने नितिगत सुधारको पक्षहरुलाई गाउँपालिकाले जोड दिएको छ।यस गाउँपालिकामा हालसम्म शिक्षासम्वन्धी योजना बनेपनि अद्यावधिक गर्न नसकेको अवस्था थियो । परिवर्तित राज्यको संरचना अनुकुल तीन ओटै तहमा नयाँ शिक्षा योजनाको निर्माण गरी समयसापेक्ष शैक्षिक गतिविधिहरुलाई समेटेर अद्यावधिक गर्नुपर्ने अहिलेको आवश्यकता हो । ज्ञान,विज्ञान तथा प्रविधिमा भएको आमूल परिवर्तनलाई आत्मसात गर्ने र दक्ष,योग्य जनशक्ती तयार गरी गाउँपालिकाको तथा देशको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि योगदान पुर्याउनु आवश्यक देखिएको छ । यस गाउँपालिका अन्तरगतका क्षेत्रमा विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा अन्य जोखिमबाट समग्र शिक्षा क्षेत्रमा उत्पन्न हुने जोखिमलाई न्यूनिकरण गर्न सक्षम,उत्थानशील शिक्षा पद्दतिको विकासलाई समेत प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ ।

विद्यालयको समग्र पक्षको सुधार गर्न सबै सरोकारवालाहरु शिक्षक,विद्यार्थी,व्यवस्थापन,प्रशासन,नेतृत्व, पाठ्यक्रम,पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया,मूल्याङ्कन,शिक्षामा लगानी लगायत शिक्षाका क्षेत्रमा भएका तमाम कमीकमजोरी सुधार गर्दै राज्यको पुनर्संरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुरुप आफ्नो शिक्षा विकास आफै गरौँ भन्ने उद्देश्यले स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ध्येयले यो योजना तयार पारिएको हो ।

नेपालको संविधान निर्माण भइसके पश्चात यस गाउँपालिकाले समेत जनताबाट निर्वाचित सरकार गठन भएर कानुनी तथा व्यवस्थापकीय संरचनासहित गाउँपालिकाको शैक्षिक सुधारका सवालमा काम गरिरहेको छ । गाउँपालिकाको शिक्षा

विकासमा सामाजिक,सांस्कृतिक र आर्थिक सन्दर्भ,भौगोलिक,जनसाङ्खिक र शासकीय स्वरुपको प्रभाव रहने भएकाले यो शिक्षा योजना निर्माणका क्रममा यी सन्दर्भहरुको सामान्य समिक्षा गरिएको छ।

### (क) भौगोलिक अवस्थितिको विश्लेषण

कैलाली जिल्लाको दक्षिणी भागमा अवस्थित यो गाउँपालिका साविकका बौनियाँ र जोशीपुरगा.वि.स. लाई मिलाएर बनेको हो । यो पालिका २८°३०"देखि २८°३७ उत्तरी अक्षांश तथा ८०°५९"देखि ८१°०४"पूर्वी देशान्तर सम्म फैलिएकोछ । हावापानी मूल रुपमा उष्ण प्रदेशीय प्रकारको छ । पूर्वमाजानकी गाउँपालिका पश्चिममा घोडघोडी नगरपालिका उत्तरमा बर्दगोरीया गाउँपालिका र दक्षिणमा भजनी नगरपालिका रहेका छन। जोशीपुर गा.पा.को जम्मा क्षेत्रफल ६५.५७ वर्ग कि.मि.तथा जनसंख्या ३७,१८७ रहेको छ । यस जोशीपुर गाउँपालिकामा ७ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाको प्रशासनिक केन्द्रका रुपमा जोशीपुर गाउँ कार्यपालिकाको कार्यालय रहेको छ जुन वडा नं.१ मा रहेको छ ।

### (ख) जनसाङ्खिक संरचनाको विश्लेषण

२०७८ सालको जनगणना अनुसार जोशीपुर गाउँपालिकाको जनसङ्ख्या यस प्रकार रहेको छ

- पुरुषः १७४५४
- महिलाः १९७३३
- जम्माः ३७१८७
- घरधुरी ७७५१

### (ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

यो गाउँपालिका भित्र थारु, ब्राह्मण, क्षेत्री, दलित र अन्य जातजातिका मानिसहरुको बसोबास रहेको छ । सबैभन्दा बढी चौधरी समुदायको बसोबास यसै पालिकामा रहेको छ । यसैगरी धर्मको आधारमा हेर्दा हिन्दु धर्मको बाहुल्यता रहेको छ । भाषागत रुपमा हेर्दा थारुभाषा वोल्नेको संख्या सबैभन्दा बढी रहेका छन् । यस गाउँपालिकामा विभिन्न कारण शिक्षाको अवसरहरुबाट वञ्चित भएकाहरुलाई शिक्षामा सहज पहुच र सहभागिता अभिवृद्धि गर्नका लागि शैक्षिक निति तथा कार्यक्रमहरु आवश्यक देखिएको छ । विद्यालयमा सबै बालबलिकाहरुको सहज पहुँच पुर्याउने, विभेद रहित वातावरणको सिर्जना गर्ने र आवश्यकताअनुसार शिक्षण सिकाइ क्रियाकलाप परिमार्जित गरी सञ्चालन गर्ने जस्ता क्रियाकलापहरु योजनामा समावेश गरिएको छ।

### (घ) आर्थिक अवस्थाको विश्लेषण

यस जोशीपुर गाउँपालिकाको आर्थिक अवस्थालाई हेर्दा ९१ प्रतिशत मानिसहरु कृषि पेशामा आश्रित रहेको पाइन्छ। कृषि नै मुख्य पेशा भएकोले यस क्षेत्रका मानिसहरुको जीवनस्तर उकास्न तथा आत्मनिर्भर बन्नको लागि कृषिको आधुनिक प्रविधिमा थोरै भएपनि पहुँच भएको देखिन्छ । यस गाउँपालिकाको कुल क्षेत्रफल ३८३७ हेक्टर अर्थात ५८·५२ प्रतिशत जमिन कृषि क्षेत्रमा प्रयोग हुदै आएको पाइन्छ । खेती बाहेक आंशिक रुपमा पशुपालन, व्यापार व्यवसाय,कुखुरा पालन, माछा पालन, वैदेशिक रोजगारीबाट समेत गरी जीवन निर्वाह गरिरहेका छन् यस क्षेत्रका मानिसहरुमध्ये व्यापारमा २८·७८ प्रतिशत , नोकरीमा ३७·२४ प्रतिशत , ज्यालादारीमा २७·७८ वैदेशिक रोजगारीमा १९·३५ प्रतिशतको साथै केही प्रतिशत मानिसहरु उद्योग व्यवसायमा संलग्न रहेको पाईन्छ।

### (ङ) शैक्षिक अवस्थाको विश्लेषण

जोशीपुर गाउँपालिकाको साक्षरताः ९२% रहेको छ। यस जोशीपुर गाउँपालिकामा हाल प्रारम्भिक बालविकास देखि मा वि तहसम्म पठनपाठन हुन्छ जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

| कक्षा | कक्षा | कक्षा | कक्षा | कक्षा | जम्मा | बाल विकास | सामुदायिक |
|---|---|---|---|---|---|---|---|

| (१-३) | (१-५) | (१-८) | (१-१०) | (१-१२) | | सशर्त अनुदान | | सिकाई केन्द |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | विद्यालयमा आधारित | समुदायमा आधारित | |
| २ | ११ | १५ | ८ | ३ | ३९ | ३४ | ० | १ |

यस जोशीपुर गाउँपालिका अन्तर्गत २३ वटा सामुदायिक विद्यालयहरु तथा १५ वटा संस्थागत १ धार्मिकविद्यालयहरु गरी जम्मा ३९ वटा विद्यालयहरु रहेका छन् । यस गाउँपालिका भित्र बालविकास केन्द्रमा ३४, आधारभूत तह (कक्षा १-५) मा स्थायी,राहत,एकमुष्ट अनुदान,निजिस्रोत गरी १२७ जना, आधारभूत (कक्षा ६-८) मा स्थायी, राहत,शिक्षण सिकाइ अनुदान, निजिस्रोत गरी ४५ जना, माध्यमिक तह (कक्षा ९-१०) मास्थायी, राहत,शिक्षण सिकाइ अनुदान ३४ जना, माध्यमिक तह (कक्षा ११-१२ )मा ५ र प्राविधिक कृषि (९ – १२) ८ जना गरी जम्मा २५३ जना कार्यरत रहेका छन् । सामुदायिक सिकाइ केन्द्रमा १ जना परिचालक कार्यरत छन् ।

| सि न | वडा न | बालविकास केन्द्र | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | धार्मिक प्रकृतिको | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ४ | ४ | ३ | १ | १२ | |
| २ | २ | ६ | ४ | ३ | | १३ | |
| ३ | ३ | ४ | ५ | २ | | ११ | |
| ४ | ४ | ५ | २ | १ | | ८ | |
| ५ | ५ | ५ | २ | १ | | ८ | |
| ६ | ६ | ४ | ३ | १ | | ८ | |
| ७ | ७ | ६ | ३ | ४ | | १३ | |
| जम्मा | | ३४ | २३ | १५ | १ | ७३ | |

**विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कक्षागत विवरण**

| कक्षा/ विद्यार्थी | छात्रा | छात्र | जम्मा | कैफीयत |
|---|---|---|---|---|
| बालविकास | ९७३ | ११९३ | २१६६ | |
| कक्षा १-५ | १८२४ | १८९७ | ३७२१ | |
| कक्षा ६-८ | १०६९ | १०३८ | २१०७ | |
| कक्षा ९-१० | ५८३ | ४७१ | १०५४ | |
| कक्षा ११-१२ | ३३९ | २०८ | ५४७ | |
| जम्मा | ४७८८ | ४८०७ | ९५९५ | |

**विद्यालयहरुमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थी विवरण**

| कक्षाहरु → | बालविकास | | | कक्षा (१-८) | | | कक्षा (९-१२) | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अपाङ्गताको किसिम ↓ | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| शारीरिक | १ | ० | १ | ४ | ८ | १२ | १ | ० | १ | १४ |
| बौद्धिक | ० | ० | ० | १ | ३ | ४ | ० | ० | ० | ४ |
| सुनाई सम्बन्धी | ० | ० | ० | ४ | ४ | ८ | ० | ० | ० | ८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दृष्टिविहीन | ० | ० | ० | २ | ० | २ | १ | ३ | ४ | ६ |
| न्युन दृष्टिविहीन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| श्रवण दृष्टिविहीन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अटिज्म | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | १ |
| बहुअपाङ्गता | ० | ० | ० | ० | २ | २ | ० | ० | ० | २ |
| जम्मा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३६ |

**विद्यालयहरुमा कार्यरत शिक्षक तथा बालविकास सहजकर्ताको विवरण**

| तह/पद | स्थायी | राहत | निजी श्रोत शिक्षक व्यवस्थापन अनुदान | शसर्त अनुदान | एकमुष्ट अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|
| बालविकास केन्द्र | ० | ० | ० | ३४ | ० | ३४ |
| आधारभूत (कक्षा १-५) | ४९ | ३० | ४० | ० | ८ | १२७ |
| आधारभूत (कक्षा ६-८) | ७ | १६ | १७ | ० | ० | ४० |
| माध्यमिक (कक्षा ९-१०) | ७ | ४ | ५ | ० | ० | १६ |
| माध्यमिक (कक्षा ११-१२) | ० | ५ | ० | ० | ० | ५ |
| प्राविधिक कृषि प्रशिक्षक | ० | ० | ० | ८ | ० | ८ |
| शिक्षण सिकाइ अनुदान आ.वि. (६-८) | | | | ५ | | **५** |
| शिक्षण सिकाइ अनुदान मा. वि. (९-१०) | | | | १८ | | **१८** |
| जम्मा | ६३ | ५५ | ६२ | ६५ | **८** | **२५३** |

**विद्यार्थीको औसत सिकाइ उपलब्धी विवरण:**

विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्ने निर्माणात्मक र निर्णयात्मक विधिहरु प्रयोग गरिन्छन् । निर्माणात्मक विधिले तत्काल पृष्ठपोषण समेत दिने र सुधारका अवसर पनि उपलब्ध गराउँछ भने निर्णयात्मक विधिले सिकाइको अवस्थाको जानकारी गराउने र प्रमाणीकरण गर्ने गर्दछ । विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने गर्छ । निर्माणात्मक विधि कक्षाकोठामा आधारित प्रारम्भिक पठन सिप परीक्षण वा पढाइको मूल्याङ्कन (CB-EGRA) हो । शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय; शैक्षिक गुणस्तर परीक्षण केन्द्रले ठूलो परिमाणमा गर्ने विभिन्न परीक्षणमध्ये CB-EGRA एक हो ।

**१.३ शिक्षा क्षेत्रका सम्भावित अवसरहरु**

संघीयता सहितको नेपालको संविधान र उक्त संविधानको अनुसुची ८ मा उल्लेखित कार्याधिकार प्रस्तुत योजना निर्माण र कार्यान्वयनका लागि प्रमुख अवसर हो भने वडा देखि स्थानीय तहसम्म सबैतिर निर्वाचित जनप्रतिनिधिको प्रमुख कार्यक्षेत्रमा शिक्षा पर्नु ठूलो अवसरको रुपमा रहेको छ । यस क्रममा यस गाउँपालिकाको शिक्षा क्षेत्रमा तमाम चुनौतिका बिच तपसिल वमोजिमका अवसरहरु रहेको पाइन्छ ।

- संविधानले बालबालिकाको अधिकार र शिक्षालाई बालबालिकाको मौलिक अधिकारका रुपमा स्वीकार गर्नु ।
- संघीय संरचना अनुसार गाउँपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि आवश्यक नीति, नियम निर्माण तथा बजेटको व्यवस्थापन गर्नु ।
- आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क गर्न कानुनी आधार निर्माण भएको ।
- शिक्षा गुणस्तर सुधारका लागि जस्तैः शिक्षकको व्यवस्थापन, तालिम तथा अन्य शैक्षिक सामग्री सहयोग गरेको छ ।
- शिक्षा व्यवस्थापनमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा राष्ट्रिय शिक्षा नीति २०७६ व्यवस्था हुनु ।
- आधारभूत तहमा अनिवार्य तथा निशुल्क र माध्यमिक तहमा निशुल्क शिक्षाको लागि कानुनी र नीतिगत व्यवस्था हुनु ।
- प्राय सबै विद्यालयमा बालकक्षाहरु सञ्चालनमा रहनु ।
- गुणस्तरीय शिक्षाको लागि सबै अभिभावकहरुको उच्च चाहना रहनु ।
- संविधानतः प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई रहनु ।
- शैक्षिक योजनाहरु सबैको सहभागितामा निर्माण हुनु ।
- शिक्षक सेवा आयोगबाट सक्षम,योग्य शिक्षकहरु सिफारिस हुँदै जानु ।
- सारक्षता दर,भर्नादर तथा टिकाउदरमा वृद्धि हुनु ।
- माध्यमिक तहसम्मको शिक्षामा पहुँच र निरन्तरतामा वृद्धि हुनु ।
- विद्यालयहरुको संस्थागत संरचनाहरु सन्तोषजनक रहनु ।
- शिक्षकलाइ पेशागत क्षमता विकासको लागि तालिमको व्यवस्था हुनु ।
- तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य हुनु ।

**१.४ सम्भावित अवसरहरुको कार्यान्वनमा आइपर्न सक्ने चुनौती**

यस जोशीपुर गाउँपालिका अन्तरगत विभिन्न विद्यालयहरुको अनुगमन, सरोकारवालाहरुसँगको विभिन्न समयमा गरिएका बैठकहरु र वर्तमान शैक्षिक अवस्था समेतलाई विश्लेषण गर्दायस गाउँपालिकाका शिक्षा सम्बन्धी मुख्य चुनौतीहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

- बालविकास केन्द्रले न्युतम मापदण्ड पूरा गरी गाउँपालिकाले बालविकास केन्द्रको गुणस्तर सुधार गर्न ।
- विद्यालयमा विद्यार्थीहरुलाई नियमित उपस्थित गराउन ।
- विद्यार्थीहरुले विद्यालय छोड्ने दर घटाउन ।
- कार्यगत सिमितता,अपाङ्गता विपन्नता तथा लक्षित वर्गका बालबालिकाहरुको सर्वसुलभ पहुँच र सहभागिता पुर्याउन ।
- बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न ।
- विद्यार्थीहरुले विद्यालय छोड्ने दर घटाउन ।
- माध्यमिक तहको शिक्षा प्रभावकारी कार्यान्वयन गर्न ।
- विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको प्रभावकारी प्रयोग ।
- माध्यमिक तहमा प्राविधिक शिक्षाको पहुँच,विस्तार तथा गुणस्तरमा अभिवृद्धि गरी प्राविधिक तथा व्यावसायिक शिक्षालाई सर्वसुलभ बनाउन ।
- विद्यार्थी शिक्षक अनुपातका आधारमा तहगत तथा विषयगत शिक्षक दरवन्दी व्यवस्थापन गर्न ।

- आपतकालिन समयमा विद्यार्थीहरुको शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिन ।
- योजनाले परिकल्पना गरे बमोजिम शैक्षिक प्रणालीको विकास गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन ।
- पाठ्यक्रमले निर्दिष्ट गरेवमोजिमको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकको क्षमता विकास गरी सिकाइ उपलब्धी बढाउन जवाफदेही बनाउन ।

# परिच्छेद २ :दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

नेपालमा लोकतान्त्रिक व्यवस्थाको स्थापना भएपछि सर्वसाधारणका लागि शिक्षा आर्जन गर्न सहज वातावरण हुनुको साथसाथै सरकारले शिक्षासँग सम्बन्धित विभिन्न नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याएको देखिन्छ। नेपालमा शिक्षा क्षेत्रमा १० वर्षे शिक्षा योजना निर्माण भइरहेको सन्दर्भमा एवम् विश्वको बदलिदो परिवेश अनुरुप नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा गरेका प्रतिवद्धताहरु पुरा गर्नका लागि  शिक्षा योजनाको तयारी गरिएको छ।विभिन्न समयमा प्रकोप, महामारीका विचबाट जादै गर्दा विपदका आधारवस्तु समेतलाई पहिलो पटक समावेश गरी निर्माण भएको योजना हो।संघीयताको कार्यान्वयनमा भईरहदा केही संवैधानिक अधिकार र स्वायत्ततासहितको पृष्ठभूमिमा यो शिक्षा क्षेत्र योजना निर्माण भएको हो।

नेपालमा शिक्षालाई आमनागरिकको पहुँच अभिवृद्धि गर्न तथा शिक्षालाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासँग सम्बन्धित विभिन्न नीति,नियम तथा कार्यक्रमहरु सञ्चालन भएका छन्। स्थानीय तहको शिक्षा योजना बनाउन महत्वपूर्ण छ किनकी तीनतहको सरकारले पर्याप्त वजेटको व्यवस्थापन गरेपनि यथेष्ट रुपमा शैक्षिक योजना, नीति तथा कार्यक्रम निर्माण नगरिएको हुँदा खर्चिएको स्रोतको प्रतिफल मापन गर्न सकिरहेका छैन भने अर्को तिर स्थानीय तहमा शैक्षिक मुद्दा, समस्याका आधारमा शैक्षिक लगानीका लागि योजना नभएको हुँदा शैक्षिक सूचकको हिसाबले स्थानीय तहले शैक्षिक उपलब्धी मापन गर्न सकिएको छैन।
त्यसैगरी लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप सहितको समग्र योजना बनाउन स्रोतको सही सदुपयोग, अपेक्षित उपलब्धी हासिल गर्न सजिलो हुनका साथै तीनै तहको सरकारले बनाएका योजनाको प्रतिविम्बित हुन जरुरी छ। संविधानको मर्म अनुसार समन्वय, सहकार्य र सहकार्यको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माणमा सहकार्य गर्न आवश्यक देखिएको छ। यदि त्यस्तो हुन सकेमा स्रोत र साधनको उच्चतम प्रयोग हुने छ। यस कारण जोशीपुर गाउँपालिकाको शैक्षिक क्षेत्रमा देखिएका समस्या समधान गर्दै स्थानीय आवश्यकता र प्राथमिकता बमोजिम शिक्षा क्षेत्रको विकास गर्नका  लागि गाउँ शिक्षा योजना अद्यावधिक गरिएको हो।

विश्वको बदलिदो परिवेश अनुरुप नेपालले  पनि अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्न सन् २०३० सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि विश्वका साझा समस्या र उपलव्धिलाई मध्यनजर गर्दै १७ वटा दिगो विकासका साझा लक्ष्यहरु निर्धारण गरेको छ। यी लक्ष्यहरुमध्ये ४ नम्बरमा रहेको दिगो विकासको लक्ष्य राखेको छ। जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गरिने कुरा उल्लेख गरेको छ। त्यो साझा प्रतिवद्धताको पक्ष राष्ट्र नेपाल पनि भएकाले यस गाउँपालिकाले पनि उक्त लक्ष्य पुरा गर्न तथा राष्ट्र उपलव्धी प्राप्त गर्न टेवा पुर्याउन समेत यो योजनाको आवश्यकता परेको हो।

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुको बारेमा माथि परिचय खण्डमा छलफल गरिसकिएको छ।यस खण्डमा हाम्रो पालिकाको शैक्षिक योजना कार्यान्वयनबाट केके प्राप्त गर्ने तथा केके उपलब्धिहरू हासिल गर्ने भन्ने बारेमा प्राविधिक कार्यहरू गर्दछौ। जसमा हाम्रो शैक्षिक योजनाको लक्ष्यहरु निर्धारण गर्दछौ तर यी कार्यहरू गर्नुपूर्व तथा कार्यहरूको दौरानमा हामीले माथि उल्लेखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुको प्रावधानहरुलाई योजनाको लक्ष्यहरुमा प्रतिविम्वित गर्नु अनिवार्य हुन्छ I यसकालागि हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुमध्ये केहीमा उल्लेख भएका प्रावधानहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् I

### २.१.१ संवैधानिक प्रावधानहरु:

धाराः ३१

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथावहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्ता भएका नागरिकलाई सांकेतिकभाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

धारा ५१ राज्यका नीतिहरु: (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः

- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
- शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
- उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने,
- नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,
- यसैगरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

**२.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन (शिक्षासम्बन्धी अधिकारः गाउँपालिका)**

दफा ११ (२)ज

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयलाई अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।
- गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्नु पर्नेछ।
- योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।
- योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
- स्थानीय वासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने।
- योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने।
- अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्ने।

**२.१.३ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):**

क) आयोजना तर्जुमा र कार्यान्वयनः

- स्थानीयतहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनगर्दा संघीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ।
- संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्नेछ रत्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ।

### २.१.४ अनिवार्यतथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ अनुसार रहनु पर्ने विषयहरू

- दफा६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चारवर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ।
- चारवर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदानगर्नु पर्नेछ।
- दफा१४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने। आधारभूत तह।
- दफा१५ अनुसार अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने। माध्यमिक तह।
- दफा१६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने।
- दफा१७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था।
- दफा१८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा।
- दफा२०माध्यमिक तहसम्मको शिक्षा निःशुल्कहुने।
- पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि ।
- साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाइ केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम।
- आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्दछ।
- माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाइशुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक वाफतको रकम।
- छात्रवृत्ति तथा विशेष व्यवस्था । (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्यपुस्तक तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री, आदि)।
- जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोशाक तथा स्टेशनरी वाफतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ।

## २.२ दूरदृष्टि

उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरीसक्षम, प्रतिष्पर्धी, सिपयुक्त नागरिक निर्माण गरी आर्थिक तथा सामाजिक रुपान्तरण र न्यायपूर्ण समाजको निर्मणमा टेवा पुऱ्याउने।

## २.३ लक्ष्य

विद्यालयमा समान पहुँच तथा सहभागिता अभिवृद्धि गरी सक्षम, प्रतिस्पर्धी तथा सिपयुक्त जनशक्ती उत्पादनमा सहयोग पुर्याउने।

## २.४ उद्देश्य

- विद्यालयमा सबै बालबालिकाहरुको लागि समान पहुँच र सहभागिता सुनिश्चित गर्नु।
- विद्यालयमा उपलब्ध भएका शैक्षणिक सामग्रीहरुको उचित प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरी बालबालिकाको सिकाइ उपलब्धी अभिवृद्धि गर्नु।
- समुदायमा सचेतना कार्यक्रम सञ्चालन गरी अभिभावकहरुको बालबालिकाहरुको पढाइमा संलग्नता अभिवृद्धि गर्नु

- माध्यमिक तहको शिक्षालाई वैज्ञानिक, गुणस्तरीय, जीवनपर्यन्त, तथा जीवन उपयोगी र प्रविधिमैत्री शिक्षा कायम गर्नु ।
- आफ्नै स्थानीय परिवेश,कला,संस्कृति, अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नु ।
- विद्यालयमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गता मैत्री वातावरणको सुनिश्चितता गर्नु ।
- औपचारिक शिक्षाबाट बञ्चित भएकालाई अनौपचारिक तथा वैकल्पिक शिक्षाको माध्यमद्वारा शिक्षाको मुल धारमा ल्याउनका लागि सुनिश्चितता गर्नु ।
- विद्यालयमा सुशासन कायम गर्न, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिताको विकास कायम गरी सरोकारवालाहरुको सहभागिता बढाउनु ।
- आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा बालबालिकाको शिक्षाको अधिकार र अवसर सुनिश्चित गर्नु ।
- शिक्षकको पेशागत दक्षता अभिबृद्धि गर्न आवश्यक तालिम प्रदान गर्नु ।
- विद्यार्थीहरुको पढाइको अवस्थामा सुधार ल्याउन सरोकारवालाहरुको आवश्यक सुपरिवेक्षणमा जोड दिनु ।
- शैक्षिक तथ्याङ्कलाई भरपर्दो, विश्वासिलो र व्यवस्थित बनाउनु ।
- व्यवसायिक सिपयुक्त तथा प्राविधिक शिक्षाको व्यवस्था गर्नु ।
- बालमैत्री वातावरणमा शिक्षण सिकाई क्रियाकलाप सन्चालन गरी विद्यालय छाड्ने दरमा कमील्याउनु ।
- निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्नु ।
- सबै विद्यालयहरुलाई आधुनिक प्रविधिमैत्री बनाउने ।
- स्वस्थ जीवनयापनमा सघाउ पुर्याउन खेलकुदलाई प्राथिमकता दिनु ।
- विपद जोखिम न्युनीकरण र जलवायु परिवर्तन सम्बन्धि योजना बनाई कार्यान्वयन गर्नु ।
- विद्यालयलाई हरित विद्यालय बनाउनमा जोड दिनु ।

**२.५रणनीति**

माथिउल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि प्राथमिकतामा आधारित तपसिल बमोजिमको तत्कालीन र दिर्घकालिन रणनीतिहरु कार्यान्वयन गरिने छ ।

**तत्कालीन रणनीति**

- वडा अध्यक्षको संयोजकत्वमा शिक्षक, अभिभावक सम्मिलित समिति गठन गरी विद्यालय भर्ना हुन नसकेका र विद्यालय छोडेका आर्थिक रुपले विपन्न,अभिभावक विहीन, दलित र अपाङ्गता भएका बालबालिकाहरूको पहिचान तथा वर्गीकरण गरिनेछ।
- अपाङ्गताको परिचयपत्र नपाएका बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरी परिचय पत्र वितरणमा सहजीकरण गरिनेछ ।
- विद्यालयले नजिकैको स्वास्थ्यचौकीसँग समन्वयगरी प्रत्येक बालबालिकाको ६/६ महिनामा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिने छ।
- पढाइमा उत्कृष्ट तथा जेहेन्दार तर अभिभावक विहीन, अति विपन्न, दलित र अपाङ्गता भएका कारण उच्च शिक्षा अध्ययन गर्न नपाएका बालबालिकाहरूलाई निःशुल्क उच्च शिक्षाका लागि गाउँपालिका तथा वडा कार्यालयद्वारा सम्बन्धित क्याम्पस तथा सँस्थाहरूमा सिफारिस गरिनेछ।
- शैक्षिक उपलब्धिमा उत्कृष्ट नतिजा भएका बालबालिकालाई पुरस्कृत गरिनेछ।
- बालविबाह, छुवाछुत र छाउपडी प्रथा उन्मुलनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

- विशेष आवश्यकता भएका  बालबालिकाहरूलाईपठनपाठनकोलागिस्रोतकक्षाको व्यवस्था गरिनेछवानजिकैकोस्रोतविद्यालयमा पठाउने प्रवन्ध मिलाइने छ ।

**दीर्घकालीन रणनीति**

- सबै नागरिकलाई आधारभूत शिक्षाको हक सुनिश्चित गर्दै सबै बालबालिकाहरूका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाईनेछ । समावेशिकरणलाई विशेष प्राथमिकता दिँदै नीति र कार्यक्रम बनाइ कार्यान्वयन गरिने छ ।
- विपन्न र दलित समुदायका बालबालिका, अपाङ्गता भएका बालबालिका र आर्थिकरुपले विपन्न बालबालिकाहरूलाई आधारभूत तह देखि उच्च शिक्षासम्मको शिक्षा निःशुल्क गरिनेछ । विशेष आवश्यकता भएका बालबालिकाहरूलाई उपयुक्त माध्यमद्वारा  निःशुल्क शिक्षाका लागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ। वहुभाषिक शिक्षा नीति अवलम्बन गरी प्रत्येक बालबालिकालाई मातृभाषामा आधारभूत शिक्षा पाउने अधिकार सुनिश्चित गर्न प्रयत्न गरिनेछ ।
- गाउँपालिका स्तरमा निर्माण गरिने नीति, नियम, योजना र बालबालिका सँग सम्बन्धित विभिन्न कार्यक्रमहरूमा बाल सहभागिताको सुनिश्चितता गरी बाल अधिकारको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखी शिक्षा मार्फत सिर्जनशील, प्रतिस्पर्धी र राष्ट्रप्रति जिम्मेवार दक्ष जनशक्ति तयार गरिनेछ ।
- संस्थागत विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाईने छ ।
- गुणस्तरीय शिक्षा कार्यढाँचा तयार गर्ने र प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरी शिक्षामा गुणस्तरीयता सुनिश्चित गरिने छ ।
- विद्यालयमा सुरक्षित, संरक्षित र सहयोगी सिकाइ वातावरण निर्माणका लागि विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचाको व्यवहारिक कार्यान्वयनमा जोड दिइने छ । यसबाट विद्यालयहरूलाई अपाङ्गतामैत्री र बालमैत्री बनाइने छ ।
- विद्यालयलाई विपद जोखिम न्यनीकरण र जलवायु परिवर्तन सम्बन्धि योजना बनाई कार्यान्वयन गर्न लगाईने छ ।
- विद्यालयलाई हरित विद्यालय बनाउनका लागि रुखहरु रोप्नको लागि पहल गरिनेछ ।

**२.६ कार्यनीतिहरू**

- सबै नागरिकलाई आधारभूत शिक्षाको हक सुनिश्चित गरिनुका साथै सबै बालबालिकाहरूका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाइनेछ । समावेशिकरणलाई विशेष प्राथमिकता दिँदै नीति र कार्यक्रम बनाइ कार्यान्वयन गरिने छ ।
- सबै बालवालिकाको सामाजिक, सांस्कृतिक विविधता सम्बोधन गर्दै,विशेष गरी बालविकासमा मातृभाषामा शिक्षण सिकाई क्रियाकलाप सञ्चानलन गरी, बालबालिकाहरुको  समान  पहुँचतथा सहभागिता सुनिश्चितता गरिनेछ ।
- गाउँ शिक्षा समिति र वडा शिक्षा समितिलाई थप सक्रिय गराई समय समयमा  विद्यालयको अनुगमन मुल्याङ्कन गर्न लगाइने छ।
- विद्यालय तहको शिक्षाको समग्र पढाइको अवस्थामा सुधार ल्याउनका लागि विद्यालय सुधार योजना निर्माण गरी त्यसको कार्यान्वयन गरिनेछ।

- विद्यालय नक्साङ्कनको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरी अपुग शिक्षक गाउँपालिकाले गाउँ शिक्षक नियुक्त गरी विद्यार्थीको पढाइ सुनिश्चित गरिनेछ ।
- संघीय र प्रदेश सरकारसँग समन्वय गरी बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिने ।
- विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या निराकरण गर्न दिवा खाजा,छात्रवृत्ति लगायत प्रोत्साहनमूलक कार्यक्रम निरन्तरता दिने ।
- वडा कार्यालय मार्फत विद्यालय सेवा क्षेत्रभित्रका सरोकारवालाहरूको भेला गराइ आधारभूत शिक्षामा पहुँच नपुगेकाको पहिचान हुने गरी तथ्याङ्क सङ्कलन गरिनेछ । यसरी शिक्षामा पहुँच नपुग्नुको कारणहरू पत्तालगाई समाधानका उपायहरू अवलम्बन गरिने छ।
- कक्षाकोठा व्यवस्थापनका साथसाथै स्थानीय शैक्षिक सामाग्री निर्माण गरी त्यसको उचित प्रयोग गरी बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- अभिभावकहरुको लागि सचेतना अभियान सञ्चालन गरी आफ्ना बालबालिकाहरुको पढाइमा संलग्नता अभिवृद्धि गर्नका लागि पहल गर्ने ।
- विद्यालयमा प्रकोप जोखिम न्युनिकरण र रोकथामको लागि योजना बनाउन लगाउने ।
- आपतकालिन अवस्थामा समेत शिक्षालाई निरन्तरता दिन विद्यालयलाई प्रविधिमैत्री बनाउने,शिक्षकहरुलाई तालिम प्रदान गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरु मार्फत निरन्तर सिकाइ कार्यक्रम निरन्तरता दिइनेछ ।
- विद्यालयको संस्थागत क्षमता विकास तथा गुणस्तरीय शिक्षा प्रदान गर्नमा जोड दिई समय समयमा पालिकाबाट नियमनमा जोड दिइ नेछ ।

### २.७ अपेक्षित उपलव्धी

यो शिक्षा योजना लागु भएपश्चात यस गाउँपालिकाको शिक्षा क्षेत्रमा तपसिलका उपलव्धिहरु प्राप्त भएको हुनेछ

- सबै बालबालिकाको विद्यालय शिक्षामा समान पहुँच सुनिश्चित भएको हुने छ ।
- माध्यमिक शिक्षा गुणस्तरीय, प्रतिस्पर्धी, जीवनोपयोगी र प्रविधिमैत्री भएको हुने छ ।
- बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री भौतिक पुर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार भएको हुने छ ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने छ ।
- विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी व्यवस्थापन भएको हुने छ ।
- शिक्षामा नविनतम सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने छ ।
- अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरु सुनिश्चित भएको हुने छ ।
- आपतकालिन अवस्थामा पनि विद्यार्थीहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने छ ।
- बिद्यालयहरु हरित बिद्यालय भएको हुने छ ।

### २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक

यस पालिकाको योजनामा सर्वसम्मत रूपमा सहमत गरिएका शैक्षिक उद्देश्यहरू र शिक्षाका विकासात्मक लक्ष्यहरू प्राप्तिका लागि तर्कसंगत रुपमा गरिएका निर्णयहरूका आधारमा भविष्यमा गरिने कार्यहरुको कार्यप्रणाली तथा प्रक्रियाको बारेमा उल्लेख गरिएको छ । शैक्षिक योजना निर्माणको दौरानमा तय गरिएका उद्देश्यहरूलाई मात्रात्मक लक्ष्यहरू किटान गरी निश्चित

समयसारणी साथ प्रतिविम्वित गरिन्छ। अर्को शब्दमा भन्दाराष्ट्रिय शैक्षिक विकासको ढाँचाका आधारमा योजनाले केके हासिल गर्न खोजेको हो भन्ने सरोकार र प्रावधानहरुलाई मूल विषयहरु बनाइ आधार बर्षको शैक्षिक अवस्थाको गहन विश्लेषण साथै हाल उपलब्ध स्रोतहरूको प्रारम्भिक मूल्याङ्कनबाट प्राप्त सूचकगत नतिजाहरुको आधारमा भावी लक्ष्यहरू निदान गर्नु पर्दछ 1 लक्ष्य निर्धारण प्रक्रियाले शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधारहरूको पक्षलाई समग्र विकास ढाँचामा जोड्न योजनाकारहरूको दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ। शैक्षिक विकासका लक्ष्यहरूको किटान गर्दा वर्तमान अवस्थाको सही विश्लेषण गरी हाल हासिल भइरहेका उपलब्धिहरु र सम्बन्धित विषय क्षेत्रमा देखिएका समस्या तथा कमजोरीहरू र तिनको प्राथमिकताहरूलाई ध्यान दिनुपर्दछ । योजनाका लक्ष्यहरू मात्रात्मक हुन्छन ।

## २.९ लक्ष्य निर्धारण

स्थानीय तहमा, पालिकाले वि.सं. २०८१ देखि २०९०का लागि १० वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस योजनाको कार्यान्वयनबाट पालिकाले कुन कुन क्रियाकलापहरु सञ्चालन गर्ने र त्यसको प्राप्तिको लक्ष्य के कति राख्ने भनी मुख्यमुख्य कार्यसम्पादन सूचकहरुको विकास र तिनको लक्ष्यहरू निर्धारण गरेको छ । आगामी १० बर्षमा ती सुचकगत राष्ट्रिय लक्ष्यहरू सहितको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिकामा प्रस्तुत सूचकहरूको आधारमा वर्तमान अवस्था विश्लेषण गर्न विकास गरिएका र दिगो विकास लक्ष्य ४ को National Indicator Framework (NIF) मा उल्लेखित सूचकहरुबाट मुख्यमुख्य कार्यसम्पादन सूचकहरु तय गरिएकाले पालिका तहको शिक्षा योजनामा पनि यस तालिकामा उल्लेखित सूचकहरू राखिएको छ।

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१ प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | **IEMIS, जनगणना २०७८, तथ्याङ्क सङ्कलन** |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | १११.२ | १०६.४ | १०३.१ | १०० | | |
| | | प्रदेश | ८३.६ | ८९.२ | ९३.५ | १०० | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | १०० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८०.२ | ८१ | ८५ | ९०.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| **२ आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९६.० | ९७.९ | ९९.१ | १०० | | |
| | | प्रदेश | ८५.९ | ८६.२ | ९८.६ | १०० | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १३३.३ | १२०.६ | १११.१ | १०५.० | | |
| | | प्रदेश | १०७.४ | १०६.६ | १०५.९ | १०५.० | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.५ | ९६.९ | ९८.१ | १०० | | |
| | | प्रदेश | ९६.२ | ९७.८ | ९८.२ | १०० | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३३.१ | १२१.४ | ११२.८ | १०८.० | | |
| | | प्रदेश | ११४.४ | १११.३ | १०८.८ | १०५.० | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | ११०.८ | १०५.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | | स्थानीय | ९५.४५ | ९६.७ | ९७.३ | ९८.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | | स्थानीय | १३३.१ | १३० | १२० | १०५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | | स्थानीय | ८६.६ | ८७.२ | ८८.७ | ९३.८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | | स्थानीय | ९२.७ | ९३.० | ९३.२ | ९३.६ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | स्थानीय | २० | १८ | १५ | ९ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | १.०३ | १.०२ | १.०१ | १.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ९५.८ | ९६.९ | ९८.२ | १०० | | |
| | | | प्रदेश | ९५.४ | ९७.३ | ९९.१ | १०० | | |
| | | | राष्ट्रिय | ९३.४ | ९८.२ | ९९.० | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | १२७.४ | ११६.३ | १०९.७ | १०३.७ | | |
| | | | प्रदेश | ११४.२ | ११०.६ | १०५.९ | १०० | | |
| | | | राष्ट्रिय | ११०.४ | १०६.९ | १०३.१ | १०० | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ९३.४ | ९३.८ | ९४.१ | ९५.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ९०.२५ | ९१ | ९२ | ९३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचकांक | | स्थानीय | ०.९६ | १ | १ | १ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धी हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको | नेपाली भाषा | स्थानीय | ५७ | ६० | ६५ | ७८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ४६.५ | ५२ | ५८ | ७० | | |
| | | | प्रदेश | | | | | | |
| | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या (%) | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ७० | ७३ | ७४ | ७५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ७५ | ७८ | ८०.५ | ८८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ७५ | ८० | ८५ | ९० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६२ | ६५ | ७० | ७५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ६२ | ६५ | ७० | ७५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ६५ | ७० | ७५ | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | २.० | १.८ | १.१ | ०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ३ | २.५ | २ | १.६ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | २९.४ | ३०.१ | ३०.५ | ५० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ५२.० | ६४.४ | ७०.१ | ८०.० | | |
| | | | प्रदेश | ५५.३ | ६९.० | ८२.२ | ९०.० | | |
| | | | राष्ट्रिय | ४७.६ | ६४.५ | ८०.८ | ९०.० | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | ७५.७ | ७९.१ | ९०.१ | ९०.० | | |
| | | | प्रदेश | ७४.४ | ८१.५ | ९०.६ | ९९.० | | |
| | | | राष्ट्रिय | ७१.४ | ८०.२ | ९०.६ | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | १.०३ | १.०० | १.०० | १.०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | ९८ | ९८.५ | ९९ | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका | | स्थानीय | ६२ | ६७ | ७० | ७५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | २८ | ३० | ३४ | ३७ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | ९.०२ | ९.०८ | ९ | ९.१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | ८.५६ | ९.६ | ११ | १२.८ | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ५३ | ५५ | ५७ | ६० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ३७ | ३८.९ | ३९.८ | ४०.१ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ४२ | ४४ | ४८ | ५३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४८ | ५३ | ५६ | ५८.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४ | जिवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ९२ | ९३ | ९४ | ९५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ९० | ९१ | ९५.७ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.१ | ९५.५ | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९२ | ९३ | ९५.९ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | ९६.९ | ९९.० | १०० | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.५७ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५ | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय | स्थानीय | | २५ | ३५ | ४५ | ६० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जनशक्ति*(%) | | | | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ६७ | ८७ | ९८ | ११० | | |
| | | | छात्र | ६० | ६७ | ७५ | ८२ | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६ | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २१:१ | २२:१ | २५:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५३:१ | ५०:१ | ४५:१ | ४३:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३०:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३४:१ | ३३:१ | ३२:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ४४:१ | ४०:१ | ३५:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७ | **शिक्षामा लगानी** | | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | ८.९१ | १० | १५ | २० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | ५.३ | ५.५ | ५.८ | ६.३ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | ४.१ | ४.४ . | ४.८ | ५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ११ | १५ | १७ | | | |

# परिच्छेद ३ :शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास,विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक सामाजिक र संवेगात्मक विकास पर्दछन । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा वाधा पर्न सक्ने भएकाले बालबालिकामा उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यका साथसाथै बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्दछ । प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरु विभिन्न समयावधिमा सुरु गर्ने भएतापनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा शिक्षा ऐन २०२८ मा उल्लेख गरिएको छ । अतः यस शिक्षालाईविशेष प्राथमिकता दिन आवश्यक भएकोले जोशीपुर गाउँपालिकाको दश वर्षीय शिक्षा योजनाको मुख्य अंगको रुपम गाउँ शिक्षा योजनाको रणनैतिक आधारका रुपमा सञ्चालन गर्न यस सम्बन्धी योजना तयार गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

जोशीपुर गाउँपालिकामा हाल जम्मा ३५ बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन । जसमध्ये ३४ वटै प्रारम्भिक बालविकास केन्द्र विद्यालयमा आधारित र १ वटा संस्थागत रुपमा सञ्चालित रहेका छन । यी सबै विद्यालयहरुमा कुल २१९६ बालबालिकाहरु अध्ययनरत छन । प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरु ३५ जना रहेका छन । प्रारम्भिक बालविकास शिक्षा केन्द्रहरुको अनुमति गाउँपालिकाले प्रदान गर्दै आएको छ । वर्तमान यस अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

- प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्याउन ।
- सबै प्रारम्भिकबाल विकास तथा शिक्षा केन्द्रमा न्युनतम मापदण्ड पूरा गर्न।

### ३.१.२ उद्देश्य

यस योजनाले प्रारम्भिक बालबिकास तथा शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः

- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.३ रणनीतिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछनः

- गाउँपालिका भरी सन्चालित बालविकास कक्षाहरुलाई छापामय बनाइनेछ ।
- गाउँपालिकाभित्रका बालविकास केन्द्रहरुलाई नमुनाको रुपमा विकास गरी पहुँच सुनिश्चित गर्ने ।
- सबै बालविकास सहजकर्तालाई तालिमको व्यवस्था गर्ने ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाउने ।
- कक्षा १ मा भर्ना हुन प्रारम्भिक बालविकास केन्द्रको अनुभवलाई क्रमशः अनिवार्य गर्दै लैजाने ।

- स्थानीय भाषालाई प्राथमिकरणमा राखी विद्यार्थीको आवश्यकता र क्षमताको आधारमा सिकाइ अवसर सृजना गर्ने
- बालबिकास केन्द्रहरुमा विपद जोखिम न्युनीकरणका लागी नमुना अभ्यास गर्न लगाउने ।
- बालविकास केन्द्रमा प्राथमिक उपचार, स्वास्थ्य परिक्षण, खानेपानी सरसफाइजस्ता आधारभूत सुविधाको उचित प्रवन्ध मिलाउने ।

**३.१.४प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- प्रारम्भिकबालविकास तहको कुल भर्नादर शत प्रतिशत पुगेको हुनेछ ।
- अपाङ्गता भएकाहरुलाई बालबालिकाहरुको प्रारम्भिक बालविकास  शिक्षामा पहुँच पुगेको हुनेछ ।
- कक्षा १ मा नवप्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गर्ने  बालबालिका शत प्रतिशत पुगेको हुनेछ ।
- बालविकास केन्द्रका सहजकर्ता शत प्रतिशत तालिम प्राप्त हुनेछन ।

**नतिजाहरु**

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
- अपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, तथा घुम्ति प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरु विकास हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा तिनै तहका सरकार, परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालयहरु जिम्मेवार हुने ।
- सबै बालविकास केन्द्रमा न्युनतम  आधारभूत भौतिक सुविधाको पहुच पुगेको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना सङ्ख्या | २१६६ | २१७० | २१८० | २१९० | २२०० | २२३० |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |

### ३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप (उदाहरण) | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ० | १ | ० | ० | ० | १ | |
| २ | बाल विकास केन्दको सबलिकरण | केन्द्र | १ | १ | १ | १ | १ | ५ | |
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | जना | ३४ | ० | ३४ | ० | ३४ | १०२ | |

## ३.२ आधारभूत शिक्षा

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान सिप आर्जन गर्ने गरी घर परिवार तथा समुदायमा आफ्ना विचारहरु अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफूलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकीकरणमा सहज बनाउने प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। नेपालको संविधान २०७२ को धारा ३१ मा र शिक्षा ऐन, २०२८ ले समेत आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखिएको छ। हाल आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ। शिक्षामा सबैको पहुँचका लागि राजनैतिक प्रतिवद्धताको कमी रहेको र गरिएका प्रतिबद्धताहरु पनि कार्यान्वयनमा आएको देखिदैन । एकातर्फ निर्दिष्ठ सिकाइलाई मात्र स्तरीयता मान्ने र अर्कोतर्फ कागजी काम कार्वाहीलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिईरहेको विद्यमान अवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा विज्ञान उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित रही यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी १० वर्षभित्रका विभिन्न क्रियाकलापहरु यस योजनामा समावेश गरिएको छ।

### ३.२.१ वर्तमान अवस्था

जोशीपुर गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-८ सम्म सञ्चालन भएका विद्यालय १५ वटा कक्षा १-५ सम्म ११ वटा र कक्षा १-३ सम्म सञ्चालित१ सामुदायिक विद्यालयरहेका छन आधारभूत तह(कक्षा१-८) सम्म५८२८ विद्यार्थीहरु अध्ययनरत छन । वर्तमान अवस्था केलाएर हेर्दा आधारभूत तह कक्षा १-८ खुद भर्ना दर ९५.८ प्रतिशत, कुल भर्ना दर १२७.४ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको ८० प्रतिशत रहेको छ। विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ। दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ। आधारभूत तहमा विद्यालय छोड्ने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सिपमा सहयोग गरेको पाइएको छ। पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ । उल्लेखित विश्लेषणका आधारमा आधारभूत शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन।

- आधारभूत शिक्षामा सबै बालबालिकाहरुको पहुँच, सहभागिता तथा गुणस्तर सुनिश्चित गर्न।
- आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्न।
- आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धीको वृद्धि गर्नु।

- विद्यार्थीले विचैमा विद्यालय छोड्ने दर शून्यमा झार्ने ।
- लैङ्गिक समता कायम गर्ने ।
- बालमैत्री वातावरण निर्माण गर्नुर पर्याप्त भौतिक पूर्वाधार विकास गर्न ।
- शिक्षकहरुको विषयगत र कक्षागत दरवन्दीको व्यवस्था मिलाउन ।
- पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणाली स्थापना गर्न ।
- तहगत तथा विषयगत शिक्षक व्यवस्थापन गर्न ।
- विद्यार्थी मुल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्न र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउने

### ३.२.२ उद्देश्य

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
- आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्ने।
- आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्युनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने।

### ३.२.३ रणनीति

- विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दर घटाउने तथा खूद भर्ना दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरी सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने।
- सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरवन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरवन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले योग्यता पुगेका दक्ष र योग्य गाउँपालिका शिक्षक छनोट तथा परिचालन गर्ने।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने ।
- विद्यालयमा सरसफाइ व्यवस्थापन गर्ने ।
- दिवाखाजा लगायतका कार्यक्रमहरु अनुगमन गर्ने।
- विद्यालय वाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालयहरूमा बालमैत्री, लैङ्गिकमैत्री अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरण विकास गर्ने।
- प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्वन्धित विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने।
- कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सिपको विकास गर्न र परीक्षण गर्न विभिन्नसघन कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने ।
- आधारभूत तहमा न्युनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रुपमा सिकाइको मुल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने ।
- शिक्षकहरुलाई शिक्षण विधि र प्रविधिमा अद्यावधिक गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- आवश्यकता अनुसार विद्यालयहरुमा शैक्षिक सुविधा विस्तार गरिनेछ ।

### ३.२.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

- सबै बालबालिकाहरुलाई गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ।
- आधारभूत तहकोकुल तथा खुद भर्नादर सतप्रतिशत पुगेको हुनेछ।
- आधारभूत तहको बालबालिकाको भर्ना अनुपात सरदरमा पुगेको हुनेछ।
- कक्षा १ मा खुद भर्नादर सत प्रतिशत पुगेको हुनेछ।

**नतिजाहरु**

- आधारभूत तहमा अपुग शिक्षक व्यवस्थापनको लागि गाउँपालिकाले दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरुबाट प्रतिस्पर्धाका आधारमा शिक्षक छनोट गरेको हुने।
- विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवाला सँग आधारभूत शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने।
- आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिएको हुने।
- विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गतामैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने।
- कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सिपको विकास गर्न विभिन्न सघन तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरु सञ्चालन भएका हुने।
- शिक्षकलाई जवाफदेहि हुने गरी कार्यसम्पादन करार कार्यान्वयन भएको हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ५० | ५० | ४० | ३० | २० | ० |
| २ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | १५ | १५ | १८ | २० | २५ | २६ |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणाट्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयनक्शाङ्कन, पुनर्वितरण | पटक | ० | १ | ० | ० | ० | १ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथासमायोजन | | | | | | | | | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन(पालिका) | पटक | ० | ० | १ | १ | १ | ३ | | |

## ३.३ माध्यमिक शिक्षा

**परिचय**

नेपालको विद्यालय शिक्षाको संरचना मध्ये कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक तह भन्ने शिक्षा ऐन २०२८ (संसोधन सहित) मा उल्लेख गरिएको छ। माध्यमिक शिक्षाका धारहरु साधारण, प्राविधिक तथा व्यावसायिक धार हुन। मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवं सञ्चारका साथै गणितीय सिपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरु यस तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि तोकिएका छन। साथै विद्यार्थीहरुको मुल्याङ्कन एवम् स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्तमा लिईने परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन हुने व्यवस्था छ।
माध्यमिक शिक्षा विद्यार्थीलाई सिपमूलक शिक्षा दिई आज सिकेको सिपले प्रतिस्पर्धी जनशक्ति उत्पादनमा माध्यमिक शिक्षा केन्द्रीत हुनु पर्दछ। विगतका योजनाहरूले प्राविधिक तथा व्यावसायिक विषयका पाठ्यक्रम निर्माण गरिए पनि उत्पादित जनशक्तिलाई समय सापेक्ष जीवन निर्वाह गर्न गाह्रो भएको र सैद्धान्तिक ज्ञानमा मात्र सीमित राखिएको देखिन्छ। विद्यार्थीहरूमा सैद्धान्तिक ज्ञानले मात्र नहुने भएकाले प्रयोगात्मक ज्ञान र सिकेको सिपको व्यवहारमा उपयोग गराउनेतर्फ यो गाउँ शिक्षा योजना सफल सिद्ध हुनेछ।

### ३.३.१ वर्तमान अवस्था

जोशीपुर गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्म माध्यमिक विद्यालयहरु८ वटा, कक्षा ११-१२ का ३ वटारहेका छन।यस तहमा शैक्षिक सत्र २०८१कक्षा ९-१० मा जम्मा १०५४ र ११-१२ मा जम्मा ५४७ विद्यार्थीहरु विद्यालयहरुमा अध्ययनरत रहेका छन। जोशीपुर गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दामाध्यमिक तहकक्षा ९-१२ को खूदभर्नादर ५२.० प्रतिशत, कुल भर्नादर ७५.७ प्रतिशत, कक्षा ८ उत्तीर्ण पश्चात कक्षा ९ मा भर्नादर ९२ प्रतिशत रहेको छ। सामुदायिक माध्यमिक विद्यालयको माध्यमिक तह कक्षा (९–१२) मा जम्मा ४२ शिक्षकहरु (दरवन्दी, राहत र शिक्षण सिकाइ समेत) रहेका छन। निजी स्रोत शिक्षकको रुपमा ५ जना शिक्षक कार्यरत रहेका छन। विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशि र सुरक्षित बनाउन आवश्यक देखिन्छ। माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ। पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ। शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ। संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन। शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र. अ को लागि नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गरेको पाइदैन। विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन। सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ। राम्रो नेतृत्व भएको प्रध्यानाध्यापको विद्यालय व्यवस्थापन प्रभावकारी हुने भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ। माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दी कम रहेको छ र

विद्यालयहरुले नीजी स्रोतबाट शिक्षकको व्यवस्थापन गर्नुपर्ने वाध्यता छ । उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

- माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्ने ।
- प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने ।
- कक्षा १० उतीर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर र टिकाउ दर बढाउने ।
- नविनतम सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच र सहभागिता विस्तार गर्ने ।
- सिकाइको गुणस्तर सुधार गरी नतिजामा सुधार ल्याउने ।
- शिक्षकको पेशागत वृति विकास गर्ने ।
- विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्ने ।

**३.३.२ उद्देश्यहरु**

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरु राखेको छः

- माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार तथा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- माध्यमिक शिक्षामा खुद भर्नादर तथा टिकाउ दर बढाउनु ।
- निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु ।
- विद्यालय शिक्षाको व्यवस्थापकीय प्रवन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउनु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गर्नु ।
- उच्च शिक्षा अध्ययनका लागि योग्य तथा र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु।

**३.३.३ रणनीतिहरू**

माध्यमिक शिक्षा सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

- माध्यमिक शिक्षामा सहज पहुँच नभएका बालबालिकाहरूको पहिचान गरी आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
- आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि छात्रवृत्तीको व्यवस्था गर्ने।
- विद्यार्थीको मनोवल बढाउन विद्यार्थी मनोपरामर्श कार्यक्रम सञ्चालन गर्ने ।
- सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने । माध्यमिक विद्यालयहरूमा गुणस्तरमा आधारित प्रतिस्प्रधात्मक कार्यक्रम सञ्चालन गर्ने।
- सम्पूर्ण माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड इ-पुस्तकालय विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गर्ने ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकास प्रति प्र. अ. लाई उत्तरदायी बनाउने
- प्राविधिक शिक्षामा सवैको पहुँच विस्तार गर्न विद्यालयको नक्साङ्कनका आधारमा प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्ने
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको शैक्षिक गुणस्तर परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने र सुधार क्षेत्रमा केन्द्रित हुने

- कक्षाकोठामा आधारित र आवधिक मूल्याङ्कनलाई बढी जोड दिइने ।
- सुरक्षित विद्यालय निर्माणका लागि प्राकृतिक प्रकोप पूर्व सजगता उद्दार तथा पुनर्स्थापना गर्ने

### ३.३.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

- सबै बालबालिकाहरुलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ ।
- माध्यमिक तहकोकुल भर्नादर १०० तथा खुद भर्नादर १०० प्रतिशत पुगेको हुनेछ ।
- माध्यमिक तहको विद्यार्थी अनुपात सरदरमा पुगेको हुनेछ ।
- कक्षा १२ को टीकाउदर १०० र सिकाइ उपलब्धी ६५ पुगेको हुनेछ ।
- कक्षा ८ बाट उतीर्ण भै कक्षा ९ मा प्रवेश हुने दर १०० प्रतिशत पुगेको हुनेछ ।

**नतिजाहरु**

- प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालय स्थापना भई संकायगत संख्यामा वृद्धि भएको हुने ।
- माध्यमिक तहमा अपुग शिक्षक व्यवस्थापनको लागि गाउँपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा निजीस्रोत (पालिका) शिक्षक छनोट गरेको हुने ।
- विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवाला सँग माध्यमिक शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने ।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्युनतम सिकाइ उपलब्धी हासिल गरेको हुने ।
- विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गतामैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने ।
- माध्यमिक तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने गरी कार्यसम्पादन करार लागु भएको हुने ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।
- गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा आवश्यकता अनुसार विद्यालय भवन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्पुटर ल्याव, शुद्ध खानेपानी, शौचालयका साथै अन्य आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी संख्या | ९६७ | ९६७ | ११९० | १२९० | १४०५ | १५०० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सँख्या | ५४७ | ५५० | ६५० | ८६५ | १०३० | १२०० |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सँख्या | ० | ० | ० | ० | ० | ० |
| ४ | न्यूनतम सिकाइ सवलीकरण | १० | १० | १० | १० | १० | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय सँख्या | | | | | | | |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरणतथासमायोजन | पटक | ० | १ | ० | ० | ० | १ | | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | ० | १ | ० | ० | ० | १ | | |
| ३ | विद्यालयकोन्यूनतमभौतिकपुर्वाधारविकास | | १ | १ | २ | १ | १ | ६ | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

**परिचय**

कुनैपनि राष्ट्रको समृद्धि र विकासको मूल पूर्वाधार प्राविधिक तथा व्यवसायिक शिक्षा हो । मानव जीवनलाई सफल र सरल बनाउन प्राविधिक तथा व्यवसायिक शिक्षाको ठुलो महत्व छ । नेपालको वर्तमान समयसम्म आईपुग्दा प्राविधिक शिक्षाको जगतमा नेपालले ठुलै फड्को मारेको छ । रोजगारी, सिप, जीवनपर्यन्त शिक्षा, जीवनोपयोगी शिक्षाको मेरुदण्ड भनेर प्राविधिक तथा व्यवसायिक शिक्षालाई लिइन्छ ।

### ३.४.१ वर्तमान अवस्था

जोशीपुर गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) वाट १८ महिने कृषि जे.टि.ए.श्री रघुनाथ आदर्श मा वि मा संचालन भैरहेको छ र सोहि विद्यालयमा प्राविधिक शिक्षा अन्तर्गत ४ बर्षे (कक्षा ९ – १२) कृषि बाली विज्ञानको पठनपाठन समेत भइरहेको छ । तर पनि आर्थिक अवस्था कमजोर भएको कारण धैरैजसो विद्यार्थीहरुले सो प्राविधिक शिक्षामा अध्ययन गर्न पाएका छैनन । विद्यालय तथा शिक्षालयहरुमा प्राविधिक शिक्षाको लागि आवश्यक पर्ने पूर्वाधारहरुको अभाव रहेको छ । प्राविधिक शिक्षाका कक्षाहरु बढि प्रयोगात्मक बनाउनुपर्ने आवश्यकता समेतरहेको छ । माथि उल्लेखित वर्तमान अवस्थालाई विश्लेषण गर्दा प्राविधिक शिक्षाका केही चुनौतिहरु यसप्रकार रहेका छनः

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको शिक्षालय र स्थानीय तह विचमा समन्वय बढाउन।
- विद्यालय तथा शिक्षालयका प्राविधिक कक्षाहरुका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरुको विकास गर्न ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न चाहने स्थानीय विद्यार्थीहरुलाई उक्त शिक्षा अध्ययनको अवसर प्रदान गर्न ।
- प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरुलाई टिकाउन ।
- आवश्यक जनशक्ती व्यवस्थापन ।

### ३.४.२ उद्देश्य

- प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गर्नु ।
- जोशीपुर गाउँपालिका क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादन गर्नु ।

- प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न चाहने स्थानीय विद्यार्थीहरुलाई उक्त शिक्षा अध्ययनको अवसर प्रदान गर्नु ।

### ३.४.३ रणनीतिहरु

- गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको लागि जोड दिने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई गाउँपालिका भित्रै रोजगारीको अवसर प्रदान गर्ने।
- विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ अवसर प्रदान गर्न छात्रवृति प्रदान गर्ने ।
- "पढदै कमाउँदैको अवधारणा" अनुरुप गाउँपालिका भित्रै रोजगारीका अवसर सिर्जना गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्वरोजगार बनाउन अनुदान सहयोग गरी समय समयमा माग र आवश्यकताको आधारमा व्यावसायिक तालिम उपलब्ध गराइनेछ ।
- प्राविधिक धार सञ्चालन गर्न चाहने माध्यमिक विद्यालय तथा शिक्षालयहरुलाई प्रोत्साहित गरिनेछ ।

### ३.४.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

- गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको भएको हुनेछ ।
- प्रावधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या बढेको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न चाहनेको लागि पहुँच पुगेको हुने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच विस्तार गर्न छात्रवृतिको व्यवस्था भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय संख्या | १ | १ | १ | १ | १ | १ |
| २ | माध्यमिक तहमा प्राविधक शिक्षा तथा व्यावसायिक तालिम भर्ना भएका विद्यार्थी संख्या | १२८ | १३५ | १६० | १७५ | १८२ | १९२ |

### ३.४.६ प्रमुखक्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | माध्यमिक तहमा प्राविधक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना | पटक | ० | १ | १ | १ | १ | ४ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हुन चाहने विद्यार्थीको तथ्याङ्कसङ्कलन तथा खन्डीकृत डाटाबेस तयारी | | | | | | | | | | |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | | | |
| ३ | विद्यार्थीका लागि छात्रवृतीको अवसर | पटक | ० | १ | १ | १ | १ | ४ | | | |

**३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ**

**३.५.१वर्तमानअवस्था**

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म शिक्षानिःशुल्क पाउने हक सुनिश्चित गरेको छ। औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुर्‍याउन र संसारसँग आवद्ध गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाह रुहुन। निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवयपर्यन्त शिक्षाले काम गर्दछ। संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य नं. ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंगै अनौपचारिक शिक्षा प्रणालीले योगदानगर्दछ। कानुनमा व्यवस्था भए बमोजिम आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न नपाउने व्यवस्था भए सँगै निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको भूमिका अझै महत्वपूर्ण रहेको देखिन्छ।

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना,लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। स्थानीय तहमा रहेको शिक्षा शाखाको कार्य विवरण सम्बन्धी विषय समावेश भए पनि यस विषयले प्राथमिकता पाएको देखिदैन। यसरी हेर्दा शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले नव्यक्तिगत रुपमा नत संस्थागत रुपमा र प्रणालीगत रूपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ। उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छन।

- साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु।
- साक्षरता कार्यक्रममा सहभागि भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई रोजगारसँग जोड्न नसकिनु।
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त व्यवस्था र विकास नहुनु।
- शैक्षिक सत्र पूरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या समेत बढि रहेको।
- महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघु ऋण, अनुदान र रोजगारीको अवसर दिने जस्ता कार्यक्रम एकिकृत रूपमा सञ्चालन नहुनु।

**३.५.२ उद्देश्य**

- निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउनु।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु।

- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रूपमा विकास गर्नु ।
- निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसंग सम्बन्धित आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्नु ।
- विभिन्न कारणले विद्यालय वाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत सिकाइ गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु ।

**३.५.३ रणनीति**

- निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने।
- गाउँपालिकाले प्रचलित ऐन कानुनमा आधारित भएर सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने ।
- सिकाइ केन्द्रको पदाधिकारीलाई सार्वजनिक शिक्षा केन्द्र सञ्चालन गर्नका लागि क्षमता अभिवृद्धि गर्ने ।
- अनौपचारिक शिक्षर जिवनपर्यन्त शिक्षा संचालन गर्ने संघ संस्थाबीच समन्वय समूह बनाइ परिचालन गर्ने।
- निरन्तर, जिवन पर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने ।
- स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने ।
- सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने।
- सबैलाई कक्षा ८ सम्मको आधारभूत शिक्षाको अवसर प्रदान गर्ने ।
- विचमा विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्ने।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुर्याउने ।

**३.५.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धी**

- १५ वर्षभन्दा माथिको साक्षरता ९५ प्रतिशत पुगेको हुनेछ ।
- ५ वर्षभन्दा माथिको साक्षरता ९२ प्रतिशत पुगेको हुनेछ ।
- १५ देखि २४ वर्षको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
- विद्यार्थीहरुको बीचमा विद्यालय छोड्ने दर ० प्रतिशत पुगेको हुनेछ ।
- आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्रको विस्तार भएको हुनेछ ।

**नतिजा**

- सबै नागरिकहरुलाई साक्षरता, निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाइको अवसर प्राप्त हुने ।
- सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवं सञ्चालन मापदण्ड तयार भइ एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास हुने ।
- निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सीपमुलक जनशक्ति उत्पादन हुने ।
- विद्यालयमा नियमित उपस्थि तभइ शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रवन्ध हुने।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथि) * (%) | ९३ | ९४ | ९५ | ९६ | ९७ | ९८ |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप (१५वर्ष भन्दा माथिका महिला)(%) | ९२ | ९३ | ९५ | ९५ | ९६ | ९७ |
| ३ | आधारभूत सुविधासम्पन्न सामूदायिक सिकाइ केन्द्रको संख्या | १ | १ | १ | १ | १ | १ |
| ४ | सामूदायिक पुस्तकालयको संख्या | ० | ० | ० | ० | ० | १ |
| | | | | | | | |

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | ० | १ | १ | १ | १ | ४ | | |
| ३ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण | | ० | १ | १ | १ | १ | ४ | | |

# परिच्छेद : ४ अन्तरसम्वन्धित विषय तथा क्षेत्र

विभिन्न अन्तर सम्वन्धित विषय तथा क्षेत्रले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रुपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेशागत क्षमता विकास, लैङ्गिक समानता तथा समावेशिकरण, स्वास्थ्य पोषण तथा दिवा खाजा आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा, शिक्षामा सूचना तथा सञ्चार प्रविधि विद्यालय भौतिक विकास जस्ता अन्तर सम्बन्धित विषय महत्वपूर्ण हुन्छन् । शिक्षासंग सम्बन्धित अन्तर सम्बन्धित विषयको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसंग तिनीहरुको अन्तर सम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिन्छ ।

## ४.१ पाठ्यक्रम र पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय,तहगत तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रम अन्तरगत कुनै कक्षा वा तहमा कुन विषयमा के पढाउने ? कुन कुन विषयवस्तु पढाउने? के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने? के कसरी मूल्याङ्कन गर्ने? जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन् । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप पहिलो पटक वि.सं. २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको थियो । समसामयिक परिवर्तनलाई समेटी वि.सं. २०७१ मा उक्त प्रारुपमा परिमार्जन गरिएको थियो । हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पनि स्वीकृति भएको छ । नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरूहुँदै आएको छ ।

### ४.१.१ वर्तमान अवस्था

समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै सामाजिक न्यायमा आधारित सक्षम, नैतिक, राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने र वि.सं. २०८७ सम्म मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हासिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले संघीय, प्रादेशिक तथा स्थानीय सरकारको जिम्मेवारी निर्दिष्ट गरे अनुसार स्थानीय सरकारले गाउँ शिक्षा योजनामा पाठ्यक्रम सम्बद्ध नीति तर्जुमा गर्न आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM- EDUCATION) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाएको छ ।नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो । ठूलो सम्भावना बोकेको धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्द्धन भइ नसक्नु शैक्षिक गुणस्तर अपेक्षित रुपमा बढ्न नसकेका, समग्र शिक्षा पद्धतिबाट उत्पादित जनशक्तिले रोजगार बजारमा स्थान ग्रहण गर्न नसक्नु र स्वरोजगारको अवस्था समेत सिर्जना हुन् नसक्नु, उत्पादित जनशक्तिमा नैतिक मूल्य मान्यता र आचरण अपेक्षाकृत रुपमा वृद्धि हुन नसक्नु जस्ता मुख्य समस्याहरुलाई स्थानीय पाठ्यक्रम नीतिले सम्बोधन गर्नुपर्ने प्रमुख चुनौतिको रुपमा रहेको छ । यी वाहेक गाउँमा रहेका पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी चुनौती यस प्रकार छनः-

- पाठ्यक्रमले सैद्धान्तिक मात्र नभइ व्यवहारिक जीवनोपयोगी सिपविकास गर्न ।

- पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि संस्थागत संयन्त्रको विकास गर्न र भएका संयन्त्रको संस्थागत क्षमता सवलीकरण गर्न ।
- सूचना तथा प्रविधिलाई शिक्षण सिकाइको माध्यमका रुपमा प्रयोगमा ल्याउन ।
- स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री अपेक्षित रुपमा विकास ।
- शिक्षणलाई सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न र ज्ञान आर्जन गर्न मार्गनिर्देशित गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्न ।
- विद्यार्थी मूल्याङ्कनलाई निन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न ।
- पाठ्यपुस्तकको सीमित घेरा भन्दा बाहिर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न ।
- स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्न

**४.१.२ उद्देश्य**

- स्थानीय तहको आवश्यकता बमोजिमको स्थानीय विषयको पाठ्यक्रमको प्राथमिकीकरण गर्नु ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्गदर्शन बमोजिम स्थानीय सरकारले सान्दर्भिक स्थानीय पाठ्यक्रम प्रारुप तर्जुमा गर्नु र स्थानीय पाठ्यक्रमको निर्माण गर्नु ।
- शिक्षण सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न मार्गनिर्देशित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् तिनको समन्वयात्मक रुपमा कार्यान्वयन गर्नु ।

**४.१.३ रणनीति**

- पाठ्यक्रममा समाविष्ट विषयवस्तु तथा शैक्षणिक कौशलमा पुनर्संरचना गर्ने,
- राष्ट्रिय पाठ्यक्रमसँग सम्बन्धित रही स्थानीय आवश्यकता सँग सान्दर्भिक पाठ्यक्रमसन्दर्भ सामग्री तथा शैक्षणिक सामग्रीहरुको निर्माण गर्ने,
- सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रवोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्यक्रमको कार्यान्वयन गर्ने,
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

**४.१.४ प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

- स्थानीय पाठ्यक्रममा आधारित कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तक निर्माण भएको हुनेछ ।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रवोधीकरण भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्री विकास भएको हुनेछ ।

**नतिजा**

- आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको हुने ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा प्रवोधीकरणमा सरोकारवालहरु सबैको सहभागिता भएको हुने ।
- स्थानीयपाठ्यक्रम प्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाहरु सबैले अपनत्व ग्रहण गरी सो को सफल कार्यान्वयन भएको हुने ।

**प्रमुख क्रियाकलापहरु**

**क) मातृभाषा**

हाम्रो गाउँपालिका वहुभाषिक समुदायले भरिएको गाउँपालिका हो । बालबालिकाहरूलाई तल्लो कक्षाहरूमा उनीहरूको घरपरिवारमा प्रयोगमा आएको मातृभाषाको माध्यमबाट सिकाउँदा भाषिक क्षमता विकास भई सिकाई दिगो हुने भएकोले

साथसाथै उपल्ला कक्षाहरूमा सिकाइ सहजीकरणमा लक्ष्य भाषाको प्रयोग गर्दा पनि समस्या हुँदैन । त्यसैले जोशीपुर गाउँपालिकाले मातृभाषाको सम्बन्धमा देहायका कार्यनीतिहरु तय गरेको छ।

- प्रारम्भिक बाल विकास शिक्षामा मातृभाषाको  मात्र प्रयोग गर्ने  र स्थानीय भाषा,कला संस्कृति, रहनसहन सम्बद्ध विषयमा आधारित भएर बालबालिकाहरूको भाषिक क्षमता विकासमा जोड दिइने।
- आधारभूत तह (कक्षा १–३) मा मातृभाषाको पाठ्यक्रम तथा पठ्यपुस्तक तयार गरी मातृभाषाको जगेर्ना र भाषिक सिप विकासमा सहयोग पुर्याइने।

**ख) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री**

बालबालिकाहरूमा आफ्नो स्थानीय तहमा प्रचलनमा रहेको भाषा, कला, संस्कृति,रीतिरिवाज परम्परा, मूल्यमान्यताहरूको केहिन केहि ज्ञान आफू वसेको समाज र समुदायबाट सिकेका हुन्छन्। आफू आफ्नो कला संस्कृतिको जगेर्ना गर्न नसकेकको खण्डमा क्रमिक रूपमा तिनीहरूको लोप हुने कुरा पनि निश्चित छ। विदेशी संस्कृतिको हालिमुहालि हुने तथा स्वदेशी र स्थानीय  संस्कृतिको लोप हुने क्रम बढेसँगै सम्पूर्ण नेपालीमा अपन्वत्वको भावना विकास गराउन स्थानीय पाठ्यक्रम  तथा पाठ्यसामग्रीको विकास हुँदै आएको छ। जो प्राथमिक तहमा अनिवार्य विषयका रूपमा स्थानीय विषय समावेश गरिएको छ

पाठ्यक्रम विकास केन्द्रले जारी गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार स्थानीय तहको पाठ्यक्रमको आधरमा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ । स्थानीय पाठ्यक्रम  तथा पाठ्यसामग्रीको विकासका लागि स्रोत साधन र जनशक्तिको अधिकतम उपयोग गरी यथाशीघ्र विकास गराईने र क्रमशः  कक्षा ८ सम्म निर्माण गरी लागु गर्ने रणनीति अख्तियार गरी यस गाउँपालिकाको सबै वर्ग, जाति,समुदाय तथा सांस्कृतिक मूल्य मान्यताहरूलाई आत्मासाथ गरी पाठ्यक्रम अद्यावधिक गराईने छ ।

**ग)अतिरिक्त क्रियाकलाप**

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पुरा गर्न अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पाठ्यक्रमले राखेका अपेक्षा एकोहोरो शिक्षण पद्दतिले पुरा गर्न नसक्ने भएकाले रुचिपूर्ण र विद्यार्थीको सक्रिय सहभागितामा उनीहरूमा ज्ञान,सिप र अभिवृद्धिको विकास गर्न अतिरिक्त क्रियाकलापमा जोड दिनु उपयुक्त हुन्छ । यस गाउँपालिकाले अतिरिक्त क्रियाकलापका लागि देहाय बमोजिमका रणनीतिहरू तय गरेको छः

- प्रत्येक विद्यालयमा हरेक शुक्रबार अतिरिक्त/सहकार्यकलाप अनिवार्यरूपमा वर्ष भरी प्रयोगमा ल्याईने छ।
- गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुबिच पालिकास्तरीय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप प्रतियोगिताहरू सञ्चालनमा ल्याईने छ।
- प्रत्येक विद्यालयमा खेल शिक्षकको व्यवस्था गराईने छ  र समय समयमा तालिम प्रशिक्षणको व्यवस्था गराईने छ।
- अतिरिक्त क्रियाकलापमा अव्वल विद्यालय र विद्यार्थीका लागि गाउँपालिकाबाट थप प्रगतिको अवसर र प्रोत्साहनको व्यवस्था गराईने छ।
- एउटा वडामा एक खेल मैदानको व्यवस्था गरी प्रयोगमा ल्याईने छ।
- सहक्रियाकलापका लागि शिक्षकहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गराइने छ।
- गाउँपालिकाले सहक्रियाकलाप सम्बन्धमा सिकाइ सामग्री उत्पादन गरी विद्यालयलाई उपलब्ध गराइने छ।
- स्थानीय कला संस्कृति संरक्षण गराइनेछ।
- विद्यार्थीको व्यक्तित्व विकासका क्रियाकलापहरु सञ्चालन गराइनेछ।

**४.१.५ प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।

- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- निरन्तर, आवधिकतथास्तरीकृतमूल्याङ्कनपद्धतिकोकार्यान्वयनभै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | ० | ० | ० | ० | ० |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | ० | ० | ० | ० | ० | ० |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्षा २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागि शिक्षकपुनर्ताजगी तालिम सञ्चालन | | १ | १ | १ | १ | १ | ४ | | |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | | २३ | २३ | २३ | २३ | २३ | २३ | | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | | १ | ० | ० | ० | ० | १ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य ४ "सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकेका अवसरहरु प्रोत्साहित गर्न" नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयन्मा ल्याएको छ। गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन तथा विकास अत्यन्तै आवश्यक छ। शिक्षकको योग्यता, क्षमता, दक्षताको सिकाइमा प्रभाव पर्छ। नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम सन्चालन गर्दै आएका हुन। शिक्षक तयारीका लागि माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्व विद्यालय तहले स्नातक तह र स्नाकोत्तर तह सञ्चालन गर्दै आएका छन। शिक्षकको पेशागत क्षमताको विकासका लागि दश महिने शिक्षक तालिम ,TPD तालिमजस्ता थुप्रै तालिमहरु आमने- सामने तथा इन्टरनेटबाट सञ्चालन हुँदै आएका छन। शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा संचालन, रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा सञ्चालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरिरहेको छ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षण पेसालाई रोजेको पेसामा विकास गर्न नेपालको पन्ध्रौँ योजना (२०७६/२०७७-२०८०/२०८१) ले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्व विद्यालयमा उत्कृष्ट सफलता हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण सेवामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षक हुनका लागि शिक्षक अध्यापन अनुमतिपत्र अनिवार्य गरेको छ। स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने छनौट परीक्षामा उत्तीर्ण हुनु पर्ने,स्थायी शिक्षक बढुवा हुनाका लागि निश्चित मापदण्ड पूरा गरेको हुनु पर्ने प्रावधान छ।

### ४.२.२.उद्देश्य:

यस योजनाले शिक्षक व्यवस्थापन र विकास सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

- सबै तहमा शिक्षकहरुको योग्यता पुनरावलोकन गरीविषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु।
- शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु

### ४.२.३ रणनीतिहरु:

शिक्षक व्यवस्थापन र विकास सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

- शिक्षकविधार्थीअनुपातकोआधारमातहगतरविषयगतरुपमाशिक्षकदरबन्दीमिलान ,दरबन्दीपुनर्वितरणगर्ने।
- प्रारम्भिक बाल विकास तथा कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर तह उत्तीर्ण शिक्षक योग्यता सुनिश्चित गर्ने।
- स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तयार पार्ने ।
- विषयगत दक्षता भएका र प्रशिक्षण अनुभव भएका शिक्षकबाट विद्यालय सुपरीवेक्षण गर्न लगाइ शिक्षकहरुको पेशागत विकासमा सहयोग गर्ने।
- शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसंग आवद्ध गर्ने।

- शिक्षक नियुक्ति, सरुवा, तालिमको व्यवस्थापन गर्दा विद्यार्थीको सिकाइमा कुनै पनि अवरोध नहुने पद्धतिको विकास गर्ने।

**४.२.४ प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

**नतिजा**

- विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्युनतम शैक्षिक योग्यता पुनरावलोकन तथा सुधार हुने
- शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुने।
- पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ५ | ५ | १० | ३५ | ८० | १०० |
| ५ | शिक्षक | २३ | २३ | २३ | २३ | २३ | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पेसागतसहयोगप्रणाली लागु भएका विद्यालय | | | | | | |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षकनियुक्ति | | ० | ० | ० | ० | ० | ० | | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | | ० | ० | ० | ० | ० | ० | | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | | १०० | १०० | १०० | १०० | १०० | | | |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | | ० | १०० | १०० | १०० | १०० | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

विभिन्न विविधताले भरिपूर्ण देश हो नेपाल । जोशीपुर गाउँपालिका पनि यसै देशको एउटा स्थानीय तह भएकाले यहाँ पनि विविधता रहेको पाइन्छ। व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुनुपरेको अवस्था हुन सक्छ । केही विद्यार्थीहरुले बिचैमा पढाइ समेत छोडेको पाइन्छ । सबैको शिक्षामा पहुँच पुर्याउन नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा समेत व्यवस्था गरिएको छ । विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहश्राब्दी विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरुले समेत समावेशी शिक्षालाई समावेश गरेका छन । विभिन्न समयमा यस सम्बन्धी नीतिगत एवं संस्थागत प्रयास भएका छन । यस गाउँपालिका अन्तर्गत आर्थिक तथा सामाजिक रुपले पछाडी परेका वर्गको पहुँच पुर्याउनको लागि यो गाउँ शिक्षा योजनाले केही नीतिगत प्रावधानहरु राखेको छ ।

### ४.३.१ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा आईसकेपछि आर्थिक रुपमा पछाडी परेका वर्गको शिक्षामा पहुँच पुर्याउन र समावेशि शिक्षालाई कार्यान्वयन गर्नु अब स्थानीय तहको प्रमुख जिम्मेवारी आएको छ । हाल जोशीपुर गाउँपालिका अन्तर्गत अपाङ्गता भएका विद्यार्थीहरुको अध्ययनका लागि आवासीय व्यवस्था सहितको छुट्टै शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्ने विद्यालय रहेको छैन । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडी परेका वर्गको पहुँच/समावेशि शिक्षा क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छन ।

- सबै माध्यमिक विद्यालयमा छात्रावासहरुको उपयुक्त व्यवस्थापन गर्ने।

- विद्यालय वाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन।
- सबै बालबालिकको माध्यमिक शिक्षामा पहुँच पुर्याउन।
- शिक्षामा समावेशीता सुनिश्चितता गर्न।

**४.३.२उद्देश्य**

- माध्यमिक तहसम्मको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउनु।
- शिक्षामा सबैको समावेशीता सुनिश्चितता गर्नु।

**४.३.३ रणनीति**

- आर्थिक तथा सामाजिक रूपले पछाडी परेका वर्गको शिक्षामा पहुँच सुनिश्चिचित गर्न छात्रवृति प्रदान गर्ने।
- आर्थिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूलाई आयआर्जनका लागि सिप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउनुका साथै उनीहरूलाई स्थानीय स्तरमा रोजगारी उपलब्ध गराउने।
- थप श्रोत कक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास गर्ने।

**४.३.४प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

- विद्यालय वाहिर रहेका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन।
- माध्यमिक शिक्षासम्म समावेशीताको आधारमा छात्रवृत्ति वितरण भएको हुनेछ।

**नतिजा**

- आर्थिक रुपमा कमजोर बालबालिकाका अभिभावकहरु स्थानीय रोजगारीमा सहभागी भै आयस्तर बढेको हुनेछ।
- गाउँपालिका अन्तर्गत रहेका छात्रावासहरुको उपयुक्त व्यवस्थापन भएको हुनेछ।
- विद्यालयमा विद्यार्थी भर्नादर उल्लेख्य रुपमा बढेको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष**

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | ५५ | ५५ | ५० | ४० | ३० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | | | | | | |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | | | | | | |

### ४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | ० | १ | १ | १ | १ | ४ | | निरन्तर |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | पटक | | २ | २ | २ | २ | ८ | | |
| ५ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | पटक | ० | १ | १ | १ | १ | ४ | | विद्यार्थी संख्या |
| ६ | अपाङ्गतामैत्री विद्यालय सँख्या | | ० | ० | ० | ० | १ | १ | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

- विद्यालय खाजा प्राप्त गर्ने कक्षाहरू र खाजाको व्यवस्थापन।
- विद्यालयमा सञ्चालित स्वास्थ्य र पोषणका कार्यक्रम।
- विद्यालयमा सरसफाइ तथा स्वच्छताको अवस्था
- चुनौती र अवसरहरू

### ४.४.२ उद्देश्य

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।

- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीति

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल,किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्म पोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता,विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
- दिवा खाजालगायत स्वास्थ्य,पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।

### ४.४.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनो सामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बालबालिका* (%) | | | | | | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | ९१ | ९२ | ९३ | ९४ | ९५ | ९६ |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | बालविकास देखि कक्षा ५ | ०-५ | ०-५ | ०-५ | ०-५ | ०-५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | २३ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | १५ | २० | २५ | ३० | ३५ | ३७ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | १५ | २० | २५ | ३० | ३७ |

## ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | | ० | १ | ० | ० | ० | १ | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | २३ | २३ २३ | २३ | २३ | २३ | २३ | | |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | | ० | १ | १ | १ | १ | ४ | | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | १५ | २० | २५ | ३० | ३५ | ३७ | | |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | १४ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्याडको व्यवस्था | | | | | | | | | |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक २३ विद्यालय | ० | १ | १ | १ | १ | ४ | | |

## ४.५विद्यालय सुरक्षा विपद न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१वर्तमान अवस्था

जोशीपुर गाउँपालिका भौगोलिक हिसाबले तुलनात्मक रुपमा बढी जोखिमपुर्ण अवस्थामा भएकोले कुन बेला के हुन्छ भन्ने कुरा अनुमान गर्न गाह्रो छ । विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरु भोग्दै आइरहेको छ । यसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षाक्षेत्रमा परिरहेको छ । विशेष गरी वि.सं. १९९० को महाभूकम्प त्यस्तै २०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असरपारेको छ । यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रलाई सुरक्षित शिक्षण सिकाइ वातावरण निर्माण गर्नको लागि जोशीपुर गाउँपालिकाले दश बर्षे गाउँ शिक्षा योजनामा विद्यालय सुरक्षा विपद न्युनीकरण तथा उत्थानशीलता सम्बन्धी कार्यक्रम समावेश गरी शिक्षालाई निरन्तर दिने र वैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकास गर्ने गरी योजना बनाइएको छ ।

### ४.५.२ उद्देश्यहरुः

- विपतकालीन समयमा विद्यार्थीको जीवनलाई सुरक्षित गर्नु ।
- विपद व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
- सम्भावित विपदको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीतिः

- विद्यालयमा अब बन्ने भौतिक पूर्वाधार भूकम्प प्रतिरोधी निर्माण गरिने छ ।
- विपदबाट जोगिनका लागि विद्यार्थीहरुमा जनचेतना कार्यक्रम सन्चालन गरिने छ ।
- विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप अगाडी बढाइनेछ ।
- विपद व्यवस्थापनका लागि प्रत्येक वडामा आपतकालीन संयन्त्रको निर्माण गरिने छ ।
- प्रत्येक विद्यालमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन गरिने छ ।
- प्रत्येक विद्यालयमा आपतकालीन कोषको निर्माण गरिने छ ।

- रेडक्रससंग समन्वय गरेर उद्धार र राहतसम्बन्धी तालिम सन्चालन  गरिने छ।
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने।
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरिने छ।
- E-learning सिकाइमा पहुँच  गरिने छ।

**४.५.४ प्रमुख उपलब्धी तथा  नतिजा**

**उपलब्धीः**

- विद्यालयमा विपद उत्थानशील भौतिक निर्माण तथा सुविधाको व्यवस्था भएको हुने छ ।
- विद्यालयमा विपद उत्थानशील संयन्त्र तथा नीति नियम भएको हुने।
- आपतकालीन तथा सङ्कटपूर्ण अवस्था पनि वैकल्पिक व्यवस्था अनुसार शिक्षा निरन्तरता भएको हुने छ।
- जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षा संस्थागत भएको हुने छ।

**नतिजाः**

- विद्यालयका भौतिक संरचना विपद उत्थानशील हुने।
- विद्यालयमा विपदका समयमा प्रतिक्रिया गर्नका लागि द्रुत गतिको प्रतिक्रिया समिति गठन गरिनेछ।
- द्रुत गतिको प्रतिक्रिया समिति पदाधिकारीलाई क्षमता विकास भएको हुने।
- विद्यालयमा आपतकालीन कोषको स्थापना भएको हुने छ।
- विद्यालयमा प्राथमिक उपचार तथा उद्धार गर्ने सामग्रीको व्यवस्था भएको हुने छ।
- विपद कार्ययोजना तयारी गरी लागु भएको हुने छ।
- वैकल्पिक विधिको माध्यमबाट शिक्षण सिकाइ भएको हुने छ।
- घुम्ती तथा टोल शिक्षा सञ्चालन भएको हुने छ।
- घरमा कक्षा (Home Schooling) सञ्चालन भएको हुने छ।
- बालबालिका जोखिम न्यूनीकरण प्रति सचेत हुने र जोखिम न्यूनीकरणमा समुदायमा भूमिका खेल्ने बारेमा क्षमताको विकास भएको हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीप सहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | १० | १० | १० | १० | १० | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने माध्यमिक विद्यालय संख्या | | | | | | |
| २ | हरित विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ३ | जलवायुपरिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ | जम्मा | | |
| १ | विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक विद्यालय | ० | १ | १ | १ | १ | ४ | | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| ३ | विपद पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक ४० विद्यालय | ० | १ | १ | १ | १ | ४ | | |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| ५ | विपद प्रतिरोधी विद्यालय संख्या | विद्यालय | ० | ४० | ४० | ४० | ४० | १६० | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने,विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षाक्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

- जम्मा विद्यालय संख्या, कक्षाकोठा, पक्की कक्षा कोठा, कच्ची कक्षाकोठा, नपुग कक्षाकोठा।

- पुस्तकालय कोठा, प्रयोगशाला कोठा, कार्यालय कोठा।
- निर्माण तथा पुर्ननिर्माण गर्नुपर्ने विद्यालय संख्या।
- विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेका कक्षाकोठा तथा छात्राका लागि बेग्लै शौचालयको प्रबन्ध समेत पुरा भएका विद्यालयहरू।
- चुनौती र अवसरहरू।

**४.६.२ उद्देश्य**

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु।
- जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructureबनाउन परामर्श गर्नु।

**४.६.३ रणनीति**

- भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपणर भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने।
- विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने।
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।

**४.६.४ प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

- सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।
- विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने।

**नतिजा**

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | २० | २३ | २५ | ३० | ३५ | ४० |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा संख्या | १४ | १८ | ४ | ४ | ४ | ४ |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | ७ | ७ | ७ | ७ | ७ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय संख्या | २ | २ | २ | २ | २ | २ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |

### ४.६.५ प्रमुखक्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| २ | विद्यालयहरूको सबलीकरण | सङ्ख्या | ० | ४० | ४० | ४० | ४० | १६० | | |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | ० | ७ | ७ | ७ | ७ | २८ | | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | १० | | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | ४ | १० | १५ | २० | २५ | ७४ | | |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | १५ | २० | २५ | ३० | ३४ | ३७ | | |
| ७ | विद्यालय भौतिक निर्मांणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रूजुसूची भर्ने | | ४० | ४० | ४० | ४० | ४० | २०० | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ । आजको युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । यसले सूचनाको पहुँचमा वृद्धि गर्छ । शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरुमा मात्र भरपर्नु पर्ने आवश्यकताको अन्त्य भएको छ । उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेभसाइटहरुको उपयोग गर्न सक्ने भएका छन । सयौं व्यक्तिहरुले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हसिल गर्न सक्छन । अब

सिकाइलाई अनलाइन पाठ्यवस्तुको माध्यमबाट चौबिसै घण्टा हेर्न सकिन्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरु एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ । भौगोलिक, सामाजिक, साँस्कृतिक तथा पूर्वाधारहरुको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अव रहेन । यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ । शैक्षिक विकासका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहने गरी यस योजनामा समावेश गरिएको छ ।

**४.७.१ वर्तमान अवस्था**

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ र विज्ञान तथा प्रविधि नीति, २०७६ ले समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरु उल्लेख गरेको छ । सूचना प्रविधिको तिब्र विकासले नेपाल जस्ता अल्पविकसित मुलुकहरुलाई शिक्षा, स्वस्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सुअवसरहरु प्रदान गरेको छ । यस प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक्र अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो, तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ । यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रुपमा समेत स्थापित हुन सक्ने देखिन्छ । जोशीपुर गाउँपालिकाका अधिकांस माध्यमिक विद्यालयहरुमा सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएको छ । सम्पूर्ण सामुदायिक विद्यालयहरुमा ईन्टरनेट सुविधाको विस्तार गर्न सकिएको छ भने अधिकांश संस्थागत विद्यालयहरुमा समेत ईन्टरनेट सुविधाको विस्तार गरिएको छ । सबै विद्यालयहरुमा कम्पुटर तथा प्रिन्टरको व्यवस्था गरिएको छ । केही विद्यालयहरुले स्मार्ट बोर्डको व्यवस्थापन समेत गरेका छन । विद्यालयहरुका विभिन्न कक्षाहरुमा कम्प्युटर विषयको शिक्षण गरिएको पाइन्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोगलाई अर्थपूर्ण रुपमा हेर्न थालिएको छ । कक्षा कोठामा प्रविधिको प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ । द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरु ल्याएको छ । हाल शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने शैक्षिक कार्य सामान्य रुपमा प्रयोगम आएको पाइन्छ । केन्द्रिय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको पूर्णतया उपयोग हुन नसकिएको अवस्था छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा शिक्षामा सूचना प्रविधि  क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छन ।

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्न ।
- सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्तिको विकास गर्न ।
- विभिन्न किसिमका अपाङ्गताको लागि प्रयोग हुने गरी सामग्री विकास र प्रयोग गर्न ।
- सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक सूचना व्यवस्थापन प्रणाली र लेखा प्रणालीको विकास गर्न ।

**४.७.२ उद्देश्यहरू**

- सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच वृद्धि गर्नु ।

- विश्वब्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गर्नु ।
- अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।
- गाउँपालिकास्तरको शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पारदर्शी बनाउनु ।

**४.७.३ रणनीति**

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

- ICT को पूर्वाधारको रुपमा रहेको विद्युत, कम्प्युटर र इन्टरनेट प्रत्येक विद्यालयमा स्तरोन्नती गर्ने ।
- कम्प्युटर, ई–पुस्तकालय तथा ICT ल्याव स्थापना गर्ने ।
- विद्यालयमा कार्यरत जनशक्तिलाई ICT तथा Smart Board को प्रयोग सम्बन्धी आधारभूत तालिमको व्यवस्था गर्ने ।
- विद्यालयहरुलाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीको बढी भन्दा बढी प्रयोग गर्न प्रोत्साहित गर्ने ।

**४.७.४प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

- विभिन्न आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भई विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा प्रयोग गरिएको हुनेछ ।

**नतिजा**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भै सबैको पहुँच पुगेको हुने ।
- विभिन्न कक्षा तथा विषयका शिक्षकहरुको शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास भएको हुने ।
- सबै माध्यमिक विद्यालयहरुले अनिवार्य रुपमा सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने ।
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुने ।
- सूचनामा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको अधिकतम प्रयोग भएको हुने ।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा प्रविधिको प्रयोगको विस्तार भएको हुने

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको संख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ४० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर | १० | १० | ११ | १२ | १३ | १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | | | | | | |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | १० | ११ | १२ | १३ | १४ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिकोखप्रयोग गर्ने विद्यालय सङ्ख्या | ८ | ८ | १० | १२ | १४ | १६ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ईलाइब्रेरी स्थापना | | ८ | १० | ११ | १२ | १४ | ५५ | | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity कोव्यवस्था | | ३५ | ३८ | ३८ | ३८ | ४० | १८९ | | |
| ३ | शिक्षकहरूको क्षमता विकास | | ० | १ | १ | १ | १ | ४ | | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | | ० | ३८ | ३८ | ३८ | ३८ | १५२ | | |
| ५ | IEMIS व्यवस्थापन | | ४० | ४० | ४० | ४० | ४० | २०० | | |

# परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाम मुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइ प्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा

कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशीर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.१.१ वर्तमान अवस्था

- पालिका ऐन, कार्यविधि, तथा मापदण्डको विकास गरेको ।
- पालिका तथा विद्यालयमा आवश्यक जनशक्तिको व्यवस्थापन गरेको ।
- विद्यालयको उचित व्यवस्थापनमा जोड दिएको ।
- आवश्यक स्रोत साधनको व्यवस्थापनगरेको ।
- समय समयमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरेको ।

#### ६.१.२ उद्देश्य

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
- जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

#### ६.१.३रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
- नक्साङ्कन गरी संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने।
- निजी श्रोतका शिक्षकहरुलाई पालिका अनुदान शिक्षकमा व्यवस्थापन गर्ने ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाइ क्षमता विकास गर्ने।
- कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने

#### ६.१.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
- संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।

- आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

**नतिजा तथा परिणात्मक लक्ष**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | | ० | ८ | ० | ८ | ० |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | | | १५ | ० | ० | १५ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | | | ३९ | ३९ | ३९ | ३९ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | | | ४० | ४० | ४० | ४० |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय सख्या | | | १ | ३ | ५ | ८ |

## ६.१.५ प्रमुखक्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड | पटक | ० | १ | ० | ० | ० | १ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास | | | | | | | | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| ४ | कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | विद्यालय | ० | ३९ | ३९ | ३९ | ३९ | १५६ | | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याकंन गर्ने, गराउने | विद्यालय | ० | ३९ | ३९ | ३९ | ३९ | १५६ | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति,प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ६.२.१वर्तमानअवस्था

आफ्नो स्थानीय तहमा निम्न विषय क्षेत्रहरुको आधारमा शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने व्यवस्थाको विश्लेषण गर्नुहोस् ।

- स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था ।
- वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन ।
- ऐन, नियम, कार्यविधि निर्माण र प्रबोधिकरणको अवस्था ।
- चुनौती तथा अवसरहरू

### ६.२.२ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ६.२.३रणनीति

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ  केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

**६.२.४प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**६.२.५प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | | ० | १ | १ | १ | १ | ४ | | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | | ० | १ | १ | १ | १ | ४ | | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | | ० | १ | १ | १ | १ | ४ | | |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ । त्यसै गरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा बढ्दो जन आकांक्षा र आवश्यकताहरुलाई कुनैपनि योजनाले सम्वोधन गर्नै पर्दछ र त्यसरी सम्बोधन  गर्दा निश्चित रुपमा विगतका उपलब्धी र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पूरानो कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने तथा कतिपय नयाँ कार्यक्रमहरु थप गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा यो योजनामा पूराना तथा नयाँ कार्यक्रमहरुलाई समावेश गर्ने गरी यो वितीय योजना निर्माण गरिएको छ । विशेष गरी आधारभूत तथा माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ । शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन हितको लागि हुन्छ । नेपालको संविधान, २०७२ ले आधारभूत

तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था गरिएको छ । त्यसलाई कार्यान्वयन गर्नको लागि समेत यस योजनाले विशेष वित्तीय व्यवस्थापन गर्नुपर्ने देखिन्छ । शिक्षामा पर्याप्त लगानी गर्दा समतामूलक र न्यायमूलक समाज निर्माणमा विशेष सहयोग पुग्ने देखिन्छ । संघ तथा प्रदेशसंग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा बजेट व्यवस्थापन गर्नु आवश्यक छ । शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरिएको क्षेत्रको उपलब्धी के कस्तो रहने जस्ता विषयहरु समेत योजनामा समावेश गर्न खोजिएको छ ।

**७.१वर्तमान अवस्था**

शिक्षामा लगानी बढाउनुपर्छ भनेर गाउँपालिकाका विभिन्न नीति तथा योजनाहरुमा समावेश गरिएको पाइन्छ । यस आ.व मा संघीय सरकारबाट शिक्षामा जम्मा १०.६८ प्रतिशत लगानी गरिएको अवस्था छ भने गाउँपालिकाले पनि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिएको पाइन्छ । यस आर्थिक वर्ष जोशीपुर गाउँपालिकाले समानीकरण बजेट अन्तर्गत शिक्षामा २३ लाख र आन्तरिक स्रोतबाट १२३२०००० गरी जम्मा १४६२०००० बजेट विनियोजन गरेको छ । यसरी हेर्दा गाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गिकार गरेको पाइन्छ । त्यसैगरी शिक्षामा घर परिवारको अप्रत्यक्ष तथा प्रत्यक्ष लगानी तथा निजी क्षेत्रको लगानी समेत उल्लेख्य रुपमा रहेको पाइन्छ । स्थानीय सरकारले शिक्षामा गरेको प्रशासनिक र व्यवस्थापकीय लगानी समेत महत्वपूर्ण रहेको छ । हाल संघीय सरकारबाट सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ । त्यसैगरी सामुदायिक विद्यालयहरुमा विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिएको छ । पूर्व प्राथमिक कक्षा देखि ५ सम्म दिवा खाजाको व्यवस्था गरिएको छ भने कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि स्यानिटरी प्याडको व्यवस्था गरिएको छ । जोशीपुर गाउँपालिकाले आधारभूत शिक्षालाई निःशुल्क बनाउनका लागि वार्षिक नीति, बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ । शिक्षामा गरिने लगानीलाई मानव संशाधन विकासको प्रमुख लगानीको रुपमा लिइन्छ । विद्यालय शिक्षामा गरिने लगानी तथा स्रोत विकास सम्बन्धी विश्लेषणका आधारमा देहाय बमोजिमका चुनौतिहरु पहिचान गरिएका छन ।

- विद्यालय शिक्षामा लगानी वृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्ने।
- गाउँपालिकालाई शिक्षामा बजेट विनियोजनका लागि जिम्मेवार बनाउने ।
- निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीलाई सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक बनाउने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्याको वृद्धि गर्ने ।
- शिक्षासँग सम्बन्धित शैक्षिक संघ संस्थाहरुलाई शिक्षामा लगानी गर्न प्रोत्साहित गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण प्रणालीको व्यवस्थापन गर्ने ।
- विद्यार्थीको सिकाइ तथा कुशलतामा वृद्धि गर्ने गरी आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्ने ।
- शिक्षामा समावेशीता र समतामा सुधार गर्न आर्थिक रुपमा कमजोर, विपन्न तथा कठिन परिस्थितिमा रहेका र अपाङ्ता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीयता सुनिश्चित गर्ने ।
- वित्तीय व्यवस्थापक कार्यकुसल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

**७.२उद्देश्य**

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बजेटको प्रक्षेपण गर्नु

- विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमहरुको प्राथमिकताक्रम तोकि कार्यक्रमगत बजेट निर्धारण गर्नु
- खर्चको प्रक्रिया, भूमिका र दायित्व स्पष्ट पार्नु
- लगानी उपयोगको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया र उपयुक्त पद्धतिको विकास गर्नु

**७.३ रणनीति**

- गाउँसभाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव गर्ने (उद्देश्य १)
- शिक्षकहरूको क्षमता विकासका लागि पालिकास्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने र गाउँस्तरीय क्षमता विकासका लागि आवश्यक बजेट स्थानीय सरकारको लगानीमा गर्ने(उद्देश्य १ र २)
- सामुदायिक विद्यालयमा कार्यरत निजी शिक्षकहरुको लागि तलब भत्ता र शिक्षक प्रोत्साहन बाफतको रकम गाउँपालिकाले आफ्नो स्रोतबाट व्यवस्था मिलाउने(उद्देश्य १ र २)
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्नपालिकाले आफ्नो लगानीमा अन्य विद्यालयहरूमा विस्तार गर्ने(उद्देश्य १ र २)
- उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरुलाई व्यवस्थापन तथा क्षमता विस्तारका अनुदान रकमको व्यवस्था गर्ने (उद्देश्य १ र २)
- संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको सशर्त कार्यक्रमहरूको निरन्तरता दिँदै यी कार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल गर्ने(उद्देश्य १,२ र ३)
- संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा शशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल गर्ने(उद्देश्य १,२ र ३)
- भौतिक पूर्वाधार विकासका लागि संघीय सरकारको ६०% र प्रदेश सरकारको ४० %लगानी गर्ने प्रबन्ध मिलाउने (उद्देश्य १,२ र ३)
- विद्यालयहरुलाई अनुदान प्रदान गरिए पश्चात लक्षित गुणस्तर सुनिश्चितका लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाउने (उद्देश्य ४ र ५)
- विद्यालयहरुलाई अनुदान प्रदान गर्नुपूर्व जुन शीर्षकमा अनुदान प्रदान गरिएको छ त्यसको खर्चको आधार तथा कार्यविधि तोक्ने (उद्देश्य ४ र ५)
- विद्यालयका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाउने (उद्देश्य ४ र ५)
- तोकिएकै शीर्षकमा रकम खर्च गर्न विद्यालयहरुलाई निर्देशन दिने (उद्देश्य ४ र ५)
- विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब उपलब्ध गराउने
- शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि गाउँपालिकाले आफ्नो समानीकरण अनुदानको कम्तिमा २० प्रतिशत लगानी गर्ने (उद्देश्य १,२, ३ र ४)

**७.४ स्रोतको अनुमान र विश्लेषण**

आवश्यकता र सामर्थ्यका आधारमा स्रोतको अनुमान तथा विश्लेषण गरिन्छ । नागरिकका अपेक्षा, स्थानीय तहको आवश्यकता र वर्तमान समयको माग बमोजिम स्रोतको छनौट गरिन्छ । त्यसै पहिलो वर्तमान नीति र अपेक्षाहरुलाई ख्याल गरी स्रोतको अनुमान र विश्लेषण गरिन्छ । नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ आदिलाई समेत ख्याल गरेर बजेट तथा कार्यक्रमहरुको तयारी गर्नुपर्ने हुन्छ । यस बाहेक अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, दिवा खाजा जस्ता कुराहरुलाई समावेश गर्नुपर्ने देखिन्छ । त्यसैगरी दोस्रो स्रोतहरुको उपलब्धतालाई ख्याल गरेर बजेटको स्रोतको अनुमान र विश्लेषण गरिन्छ । गाउँभित्र राजस्व, गाउँपालिकाको आन्तरिक आय र गाउँपालिकालाई संघीय सरकारबाट प्राप्त हुने समानीकरण जस्ता स्रोतहरुलाई नीति, कार्यक्रम तथा बजेट बनाउँदा ख्याल गर्नुपर्ने कुरालाई यस योजनाले जोड दिएको छ ।

**७.५ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान**

वर्तमान समयको बजेट तथा कार्यक्रमहरु हेर्दा शिक्षामा समाजका आवश्यकता, मागहरु धेरै छन । विशेष गरी शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षा, अभिभावक शिक्षा, प्रारम्भिक कक्षाहरुमा पठन क्षमतामा वृद्धि, शिक्षकको पेशागत क्षमताको विकास जस्ता कुराहरुमा बजेट तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । हाल शिक्षामा संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्थाहरु लगायत, विभिन्न सामुदायिक क्षेत्रहरुले ठुलो लगानी गरेका छन । स्थानीय तहले पनि उक्त क्षेत्रलाई प्राथमिकतामा राख्न जरुरीछ । वर्तमान समयमा स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षक प्रणालीमा सुधारगर्न भरपुर प्रयास गरिरहेको छ । विद्यालयहरुमा शिक्षकको व्यवस्थापन, निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्न थप अनुदान उपलब्ध गराउनु, बालविकास सहजकर्ताहरुका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउनु ,शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्नु, विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुर्‍याउन विभिन्न कार्यक्रम, खेलकुद आयोजना गरिएका छन । यसरी माथि उल्लेखित सम्पूर्ण क्षेत्रहरुलाई समावेश गर्नेगरी आगामी १० वर्षको लागि जोशीपुर गाउँपालिकाले शिक्षासँग सम्बन्धीत प्रमुख क्षेत्रहरुमा संघीय, प्रदेश सरकारसँग र समानीकरण अनुदान अन्तर्गत रहने गरी बजेट तथा कार्यक्रमहरुको आधारमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको छ।

**७.६ प्रमुख उपलब्धी**

**उपलब्धी**

- वि.सं. २०८९(सन् २०३२) सम्म गाउँपालिकाले समानीकरण बजेटमा शिक्षामा गर्ने लगानी २० प्रतिशत पुगेको हुनेछ ।
- आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क भएको हुनेछ ।
- प्रविधिमैत्री शिक्षाको विकास भइ शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ ।
- शिक्षकहरुको पेशागत विकास भएको हुनेछ ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारी सुनिश्चित भएको हुनेछ

**७.७ प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १. | प्रारम्भिक वालविकास पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान पोसाक भत्ता समेत | ६५ | ८८६६००० | ८८६६००० | ८८६६००० | ८८६६००० | ८८६६००० | ४४३३०००० | ८८६६०००० |
| २ | अधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत शिक्षकका लागि तलब भत्ता अनुदान पोशाक भत्ता समेत | १०२ | ५९३००००० | ६१६२५४८८ | ६१६२५४८८ | ६१६२५४८८ | ६१६२५४८८ | ३०५८०१९५२ | ६१३९२९३९२ |
| ३ | माध्यमिक तहमा स्वीकृत दरबन्दी राहत प्राविधिक धारसमेतका लागि शिक्षक तलब भत्ता अनुदान पोशाक भत्ता समेत | २४ | १६५२०००० | १७०००००० | १७०००००० | १७०००००० | १७०००००० | ८४५२०००० | १६९५२०००० |
| ४ | आधारभूत तह कक्षा (६-८ माअंग्रेजी, गणित , र विज्ञान विषयमा शिक्षण सिकाइ अनुदान पोसाक भत्ता समेत | १८ | ८३०६८२० | ८३०६८२० | ८३०६८२० | ८३०६८२० | ८३०६८२० | ४१५३४१०० | ८३०६८२०० |
| ५ | माध्यमिक तह कक्षा (९-१० मा अंग्रेजी, गणित , र विज्ञान विषयमा शिक्षण सिकाइ अनुदान पोसाक भत्ता समेत | १८ | १०४०३२२६ | १०४०३२२६ | १०४०३२२६ | १०४०३२२६ | १०४०३२२६ | ५२०१६१३० | १०४०३२२६० |
| ६ | प्रति विद्यर्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि अनुदान | २३ विद्यालय ५३४२ (वि. | ३३०५८०० | ३३०५८०० | ३३०५८०० | ३३०५८०० | ३३०५८०० | १६५२९००० | ३३०५८००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स.) | | | | | | | |
| ७ सार्वजनिक विद्यालयका विद्यार्थीका लागि नि:शुल्क पा. पु. | २३ विद्यालय ४७७६ वि.सं. | ४०००००० | ४२४८००० | ४२४८००० | ४२४८००० | ४२४८००० | २०९९२००० | ४२२३२००० |
| ८ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृति आवासीय गैर आवासीय | २३ विद्यालय १२५० वि.स. | २००००० ० | २२०२००० | २२०२००० | २२०२००० | २२०२००० | १०८०८००० | २१८१८००० |
| ९ विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २३ | २१५३००० | २१५३००० | २१५३००० | २१५३००० | २१५३००० | १०७६५००० | २१५३०००० |
| १० शैक्षिक पहुँच सुनिश्चितता औनपचारिक तथा वैकल्पिक शिक्षा | २ | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | ४०००००० | ८०००००० |
| ११ तोकीएको विद्यार्थीलाई दिवाखाजा | २३ विद्यालय २३८० वि.सं. | ६४२६००० | ७४००००० | ७४३९००० | ७४३९००० | ७४३९००० | ३६१४३००० | ७३३३८००० |
| १२विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २३ विद्यालय | ८३५०००० | ८३५०००० | ८३५०००० | ८३५७००० | ८३५७००० | ४१७६४००० | ८३५४९००० |
| १३ सामुदायिक विद्यालयलाई निःशुल्क सेनेटरी प्याड | १९३८ | १७००००० | १७००००० | १७००००० | १७००००० | १७००००० | ८५००००० | १७०००००० |
| १४ केन्द्रबाट छनौट भएका नमुना विद्यालय विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप | १ | १००००००० | १००००००० | १००००००० | १००००००० | - | ४०००००००० | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक पूर्वाधार विकास तथा प्राविधिक धार तर्फ संचालन भएको विद्यालय | | | | | | | | |
| १५ विपतका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (रियल प्लान कार्यान्वयन ) | २३ | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | २००००००० | ४००००००० |
| १६ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्यांकन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | २३ | १०५३००० | १०५३००० | १०५३००० | १०५३००० | १०५३००० | ५२६५००० | १०५३०००० |
| १७ विपन्न लक्षित छात्रवृति | १४ | १३९९००० | १३९९००० | १३९९००० | १३९९००० | १३९९००० | ६९९५००० | १३९९०००० |
| १८ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ६ | ५५००००० | ५५००००० | ५५००००० | ५५००००० | ५५००००० | २७५००००० | ३३०००००० |

**ख। प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | लक्ष्य | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | छात्रा शौचालय | १० | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० | १०००००००० |
| २ | ICT व्यवस्थापन | ९ | २५००००० | ५००००० | ५००००० | ५००००० | ० | ४०००००० | ० |
| ३ | दुई कोठे भवन निर्माण | ३ | १६००००० | १६००००० | १६००००० | - | - | ४८००००० | - |
| ४ | भौतिक सुधार, मर्मत सम्भार घेरबार | ७ | १४६५०००० | - | - | - | - | १४६५०००० | - |
| ५ | ४ कोठे भवन निर्माण | ३ | १२०००००० | - | - | - | - | १२०००००० | - |

## ग) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | सामुदायिक विद्यलय मा कार्यरत बाल विकास तथा कर्मचारीहरुलाई अनुदान | ६५ | ६५००००० | ६५००००० | ६५००००० | ६५००००० | ६५००००० | ३२५०००००० | ६५००००० |
| २ | गाउँ शिक्षा समिति बैठक | ६ | ९०००० | ९०००० | ९०००० | ९०००० | ९०००० | ४५०००० | ९००००० |
| ३ | आधारभूत तह कक्षा १ – ३ सम्मको विद्यार्थी मूल्याङ्कन पुस्तिका छपाइ | १ | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० | २०००००० |
| ४ | बाल विकास शिक्षक पुनर्ताजगी तालिम | १ | १००००० | - | - | - | - | १००००० | २००००० |
| ५ | शिक्षकहरुको मागमा आधारित तालिम | १ | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० |
| ६ | अपांगता भएका बालबालिका हरुका लागि अतिरिक्त क्रियाकलाप | १ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५००००० |
| ७ | गाउँ पालिका स्तरीय परीक्षा संचालन व्यवस्थापन | १ | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | ४०००००० | ८०००००० |
| ८ | गाउँ पालिका स्तरीय शैक्षिक अन्तरक्रिया तथा प्रगती समिक्षा कार्यक्रम | १ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५००००० |
| ९ | प्रधानाध्यपक बैठक खर्च व्यवस्थापन | १० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५००००० |
| १० | शैक्षिक क्यालेन्डर निर्माण | १ | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० |
| ११ | शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन | १ | १००००० | - | - | २००००० | - | ३००००० | - |
| १२ | विद्यालय अनुगमन निरक्षण तथा तथ्यांक संकलन | १ ०० | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० |
| १३ | युवामैत्री स्थानीय शासन क्षमता विकास | १ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५००००० |
| १४ | बाल दिवस | १ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | २००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | सामुदायिक विद्यालयमा कार्यरत निजि स्रोत शिक्षक अनुदान | ६५ | १५०००००० | १५०००००० | १५०००००० | १५०००००० | १५०००००० | ७५०००००० | १५००००००० |
| १६ | सार्वजनिक पुस्तकालय व्यवस्थापन | १ | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० | - |
| १७ | शैक्षिक तथ्यांक सेर्वेक्षण | १ | २००००० | २००००० | - | - | - | ४००००० | - |
| १८ | रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता | १ | - | ३००००० | ३००००० | ४००००० | ५००००० | १५००००० | ४०००००० |
| १९ | अनिवार्य तथा नि:शुल्क शिक्षा पालिका घोषणा | १ | ० | ० | ० | ३००००० | ० | ३००००० | |
| २० | शैक्षिक गुणस्तर सुदृढीकरण का लागि एकमुष्ट अनुदान | | ० | १०००००० | १०००००० | १०००००० | १०००००० | ४०००००० | ५०००००० |
| २१ | एकमुष्ट अनुदान प्राप्त गर्ने विद्यालयलाई थप सहायत अनुदान | ४ | ० | ८००००० | ८००००० | ८००००० | ८००००० | ३२००००० | ६४००००० |

**घ) अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

उपरोक्त बमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु जस्तैः वालविकास र शिक्षामा हरेक आवको जम्मा बजेट कति, आगामी ५ वर्षको जम्मा बजेट कति र बजेटको सुनिश्चितता संघवाट, प्रदेशबाट, स्थानीय तहवाट र अन्य संघ संस्थावाट कति भनि सो को समेत विश्लेषण गरिएको छ।

# परिच्छेद: ७ अनुगमन तथा मूल्याङ्कन

योजनाको प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको हेर्नको लागि यसको पूर्णरुपमा अनुगमन र मूल्याङ्कनमा निर्भर रहन्छ। यस योजनालाई कार्यान्वियन,अनुगमन र मूल्याङ्कन गर्नुको उद्देश्य यस योजनाले राखेका दीर्घकालीन सोच र उद्दश्येहरू पूरा भए वा भएनन् भनी तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो। गाउँपालिका, गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले यस योजनाको कार्यान्वयन गर्नेछ भने गाउँस्तरिय शिक्षा समिति लगायतकाअन्य सम्बद्ध पक्षहरुले पनि अनुगमन र मूल्याङ्कन गर्न सक्नेछन।

**८.१ वर्तमान अवस्था**

- अनुगमन संयन्त्रको व्यवस्था।
- एकीकृत प्रतिवेदन प्रणालीको विकास।
- सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता।
- अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको व्यवस्थित उपयोग तथा विस्तार।
- नतिजामा आधारित अनुगमन।
- शिक्षक सुपरिवेक्षण र पेशागत सहयोग।
- विद्यार्थी उपलब्धी परीक्षण।
- विद्यालय कार्यसम्पादन परीक्षण।

**८.२ उद्देश्य**

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित संयन्त्रको विकास गर्नु।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

**८.३ रणनीति**

- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।
- विद्यार्थी उपलब्धी परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।
- योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनावा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधी तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने।

**८.४ कार्यनीति**

- गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना कार्यक्रमको कार्यान्वयनमा समन्वय, अनुगमन र मूल्याङ्कन गर्नेछ।

- गाउँ शिक्षा समितिले योजना कार्यान्वयनको अनुगमनका लागि आवश्यकतानुसार विज्ञ व्यक्ति वा समूह परिचालन गर्नेछ।
- शिक्षा,युवा तथा खेलकुद शाखाद्वारा योजना अनुगमन तथा मूल्याङ्कनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघलगायत अन्य सरोकारवलाहरुलाई प्राविधिक सहयोग उपलब्ध गराइने छ।
- प्रत्येक विद्यालयले चौमासिक, मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाइने छ ।
- विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र मुद्दा हेर्न गाउँपालिकामा विशेष समिति रहने छ जुन समितिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौती मूल्याङ्कन गरी गाउँ शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाइनेछ।
- विद्यालय शिक्षा योजनामा राखिएका अपेक्षित उपलब्धीहरुको अवस्था तथा कार्यक्रमको सूचकगत विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटिको विकास गरिनेछ ।
- सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरिनेछ
- प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासनिक व्यक्ति भएकाले विद्यालयमा कार्यक्रम कार्यान्वयन, शिक्षक परिचालन, विद्यालयका गतिविधिको मूल्याङ्कनमा प्रमुख जिम्मेवार बनाइनेछ।
- विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयनमा ल्याइनेछ।
- विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा गाउँपालिका भरि एकरूपता कायम गरिनेछ।
- विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न छात्रवृति, पाठ्यपुस्तक, पोर्टफोलियो, प्रतिविद्यार्थी लागतमा आधारित अनुदान उपलब्ध गराइने र त्यसको कार्यान्वयनमा जोड दिइने छ ।
- आवश्यकता अनुसार विद्यार्थीका अभिभावकहरुसँग अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।

यस योजनाको प्रभावकारी कार्यन्वयनका लागि गाउँपालिकामा शिक्षा शाखा तथा गाउँ शिक्षा समितिले अगुवाइ गर्नेछ र वडामा वडा शिक्षा समितिले गर्ने छ । प्रत्येक शैक्षिक सत्रको अन्त्य सँगै गाउँ शिक्षा समितिले एक कार्यदल गठन गरी यस योजनामा उल्लेखित सूचकहरुमा भएको प्रगति सम्बन्धमा फिल्ड अनुगमन तथा उपलव्ध तथ्याङ्कहरुको विश्लेषण गरी प्रतिवेदन गाउँ शिक्षा समितिको बैठकमा छलफल गरी आवश्यक सुझाव सहित नगर प्रमुख समक्ष प्रतिवेदन पेश गर्नेछ । उक्त कार्ययोजना बनाइ कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिनेछ ।

## ८.५ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित संयन्त्रको विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल भएको हुनेछ।

**नतिजा**

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

### ८.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | अनुगमन तथा मुल्याङ्कन संयन्त्र निर्माण | | ० | १ | ० | ० | ० | १ | | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | | ० | १ | ० | ० | ० | १ | | |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | | ० | १ | १ | १ | १ | ४ | | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | | ० | १ | १ | १ | १ | ४ | | |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | | ० | १ | १ | १ | १ | ४ | | |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | | ० | १ | १ | १ | १ | ४ | | |

**जोशीपुर गाउँपालिका अन्तर्गतका विद्यालय र प्र.अ. को विवरण**

**सामुदायिक विद्यालय**

| क्र. सं. | विद्यालयको IEMIS कोड नं. | विद्यालयको नाम | सञ्चालित कक्षा | वडा नं. | ठेगाना | प्रधानाध्यापक | प्रधानाध्यापकको सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| १ | **७१००५०००३** | रघुनाथ आदर्श मा.वि. | १-१२ | ७ | जोशीपुर बौनियाँ | वसन्त कुमार महतौं | ९८४८४२२६३२ |
| २ | ७१०१८०००३ | जनप्रकाश मा.वि. मुढ्ढी | १-१२ | २ | जोशीपुर मुढ्ढी | सुरेश थारु | ९८४८५५३०२४ |
| ३ | ७१०१८००१२ | मोहन्याल मा.वि. | १-१२ | १ | जोशीपुर बडहरिया | देवेन्द्र प्रसाद शाह | ९८४८६२५९७८ |
| ४ | ७१०१८०००९ | राष्ट्रिय मा.वि. | १-१० | ६ | जोशीपुर लोखरी | तर्कराज कपाडी | ९८४९२७७१०२ |
| ५ | ७१००५०००४ | जनता मा.वि. | १-१० | ५ | जोशीपुर मैनपोखरी | राम बहादुर चौधरी | ९८६५९००४९० |
| ६ | ७१००५०००२ | राष्ट्रिय मा.वि. | १-१० | ४ | जोशीपुर डहरवेरिया | लिलाराम ओली | ९८४३०५१५४४ |
| ७ | ७१०१८००११ | सरस्वती मा.वि. | १-१० | ३ | जोशीपुर लक्कड मनिकापुर | विश्वनाथ शाह | ९८६८७६८३९९ |
| ८ | ७१०१८००१३ | राष्ट्रिय मा.वि. | १-१० | १ | जोशीपुर लकडमण्डी | सक्राधु चौधरी | ९८६८५५७२१७ |
| ९ | ७१०१८०००१ | जनजागृति आ.वि. | १-८ | ३ | जोशीपुर बञ्जरिया | कालीराम चौधरी | ९८१२६५२५४१ |
| १० | ७१००५०००६ | वि.पी.आ.वि. | १-८ | ७ | जोशीपुर घैला | विष्णु प्रसाद भट्ट | ९८४८८४३३१९ |
| ११ | ७१००५०००५ | राष्ट्रिय आ.वि. | १-८ | ६ | जोशीपुर सिमरी | सुमित्रा हमाल | ९८६८४१९३४४ |
| १२ | ७१०१८०००२ | नवदुर्गा आ.वि. | १-८ | २ | जोशीपुर  गढी | विर बहादुर चौधरी | ९८४८४४९५३२ |
| १३ | ७१००५०००१ | कृष्ण आ.वि. | १-८ | ५ | जोशीपुर सिमराना | सोनी बम | ९८४८४४०८७० |
| १४ | ७१०१८००१० | मोहन्याल बेताल आ.वि. | १-८ | २ | जोशीपुर घुसरी | लोकेन्द्र प्रसाद सञ्ज्याल | ९८४४७१४२६९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | ७१०१८०००७ | सन्तजन आ.वि. | १-५ | ४ | जोशीपुर लालपुर वाणी | रघुनाथ डगौरा | ९८४८४५२२५८ |
| १६ | ७१००५०००७ | जनता आ.वि. | १-५ | ७ | जोशीपुर लोहागढ | हेमराज चौधरी | ९८४८४७७१५२ |
| १७ | ७१००५००१० | रामजानकी प्रा.वि. | १-५ | ६ | जोशीपुर पकरिया | राज कपुर चौधरी | ९८१५६५९६३८ |
| १८ | ७१०१८०००४ | वि.पी.आ.वि | १-५ | १ | जोशीपुर पिपरकोटी | राजपति चौधरी | ९८००६४९७६६ |
| १९ | ७१०१८००१४ | इन्द्रेणी आ.वि. | १-५ | २ | जोशीपुर बर गढी | लिखराम चौधरी | ९८४८४६६७३८ |
| २० | ७१०१८००१८ | खैरेनी आ.वि. | १-५ | १ | जोशीपुर राजीपुर | मनकला जोशी | ९८११६९९७५१ |
| २१ | ७१०१८००१९ | छोटेलाल आ.वि. | १-५ | ३ | जोशीपुर लक्कड | कुमार सिंह कठरिया | ९८६८४३१८९३ |
| २२ | ७१०१८००४१ | मुक्त कमैया आ.वि. | १-५ | ३ | जोशीपुर रामनगर | श्यामदेव कुश्मी | ९८६८५६४५९२ |
| २३ | ७१०१८००४२ | शान्ति आ.वि. | १-५ | ३ | जोशीपुर भितरिया | नैन बहादुर चौधरी | ९८६५६८६७२९ |

## संस्थागत विद्यालय

| s.n. | School IEMIS code | Schoole Name | Running class | Ward no | Location |
|---|---|---|---|---|---|
| 1 | 710050014 | Kailash English Boarding School | 1-8 | 5 | Joshipur RM, Simrana, Kailali |
| 2 | 710050016 | Shree B. Bright Future P.E. School | 1-8 | 6 | |
| 3 | 710050012 | Sarjan Memorial School | 1-8 | 6 | Joshipur RM, Simri, Kailali |
| 4 | 710050015 | Shree Siddhartha English School | 1-8 | | Joshipur RM, Bauniyan, Joshipur Kailali |
| 5 | 710050009 | Nepal Holyland Public School | 1-8 | 7 | Joshipur R.M. - 7, Bauniyan, Kailali |

| | | | | | |
|---|---|---|---|---|---|
| **6** | 710180046 | Kailali Deepjyoti English Boarding School | **1-10** | **2** | **Joshipur** |
| **7** | 710180015 | New Anthesis Academy | **1-5** | **3** | Joshipur RM, Phandiya, Kailali |
| **8** | 710180017 | Unique Friendship B School | **1-8** | **2** | Joshipur RM, Muddhi, Kailali |
| **9** | 710180043 | Prasiddha Vidhya Niketan | **1-8** | **2** | Joshipur |
| **10** | 710180045 | Green Light Academy | **1-8** | **3** | Lakkad |
| **11** | 710180005 | Anugraha Pathshala | **1-8** | **1** | Piperkoti |
| **12** | 710180044 | Joshipur Heaven Garden B. School | **1-10** | **2** | Joshipur RM, 2 Shanti Bazaar |
| **13** | 710180006 | Lifelight Education Home | **1-4** | **4** | Joshipur RM Ward No 4 Jhabahi |
| **14** | 710180008 | Kedarnath Secondary School | **1-10** | **1** | |
| **15** | 710180016 | Rainbow English Boarding School | **1-5** | | |
| **16** | 710090027 | GLOBAL MONTESSORI PATHSHALA | | **1** | Badhariya |

## धार्मिक प्रकृतिका विद्यालय

| **s.n.** | **School IEMIS code** | **Schoole Name** | **Running class** | **Ward no** | **Location** | **Head Teacher** | **Head Teacher Number** |
|---|---|---|---|---|---|---|---|
| | 710180020 | Madarasa Rijbiya Madintul Islam | **1** | **1** | Joshipur | | |